नेपालको इतिहासमा पहिलो र एकमात्र ज्योतिष समाचारमूलक साप्ताहिक पत्रिका "ज्योतिष भविष्यवाणी" खोजी-खोजी पढौं।

पत्रिका पाइने ठाउँ

ज्योतिष भविष्यवाणी राष्ट्रिय साप्ताहिक
पोखरा-२, अर्चलबोटचोक, नेपाल।
मोवाइल नं.९८५६०२०९१४

Jyotish Bhabishyawani Weekly ज्योतिष विधामा आधारित राष्ट्रियस्तरको एकमात्र अखबार

राष्ट्रिय साप्ताहिक जि.प्र.मोरङ/कास्की द.नं.:११५/२०५५

# ज्योतिष भविष्यवाणी

वर्ष १५ अङ्क ३२ | २०६९ मंसिर ७ गते, बिहीबार | 22, Nov. 2012 | मूल्य रु. १०।-

के तपाईंले प्रत्येक बिहीबार प्रकाशित "ज्योतिष भविष्यवाणी" (साप्ताहिक) पढ्नुभयो ? खोज्दा नपाइएमा हाम्रो इन्टरनेट ठेगाना www.jbweekly.com, www.Facebook.com/jbweekly बाट Sagarmatha अथवा Himalb Font डाउनलोड गरी हेर्न सक्नुहुनेछ।

संस्थापक/सम्पादक
डा. बलराम उपाध्याय रेग्मी
ज्योतिष भविष्यवाणी, नेपाल।
मोवाइल नं.९८५६०३०९१४

## पोखरा विश्वविद्यालयमा आन्दोलन

✍ज्योतिष भविष्यवाणी

**पोखरा** : पोखरा विश्वविद्यालय कार्यकारी परिषद्को निर्णयबाट राजनीतिक भागबण्डामा कर्मचारी करारमा नियुक्ति गरेको भन्दै पोखरा विश्वविद्यालयका कर्मचारी संघले आन्दोलन घोषणा गरेको छ। कार्तिक २७ गते परिषद्को निर्णयबाट पोखरा विश्वविद्यालयमा १३ जना कर्मचारीलाई करारमा नियुक्ति गरेपछि शनिबारदेखि कर्मचारी तथा विद्यार्थीहरू तालाबन्दी गरी आन्दोलनमा उत्रिएका हुन्। आन्दोलनका कारण पोखरा विश्व विद्यायल पूर्णरूपमा बन्द भएको छ।

विश्वविद्यालयले राजनीतिक भागबण्डाका आधारमा कांग्रेसको तर्फबाट ५ जना, एकीकृत माओवादीको तर्फबाट ५ जना र एमालेको तर्फबाट ३ जना गरी १३ जना कर्मचारी रातारात नियुक्ति गरेकाले आन्दोलनमा उत्रिनु परेको आन्दोलनपक्षको दावी छ।

नियुक्त भएका कर्मचारीमा १ जना मुख्य सहायक तहमा, ६ जना सहायक तहमा, २ जना पियन र ४ जना कुचीकार तहका रहेका छन्। तालाबन्दीले परीक्षासम्बन्धी कार्य, छात्रवृत्ति सम्बन्धी कार्य र विद्यार्थीको पठन-पाठनलाई पूर्णरूपमा प्रभावित पारेको छ। ने.क.पा. माओवादी वैद्य निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) पोखरा विश्वविद्यालय समन्वय समितिले एक प्रेस विज्ञप्ति जारी गरी अवैधानिक र गैह्रकानूनी ढंगबाट नियुक्ति गरिएका कर्मचारीको नियुक्ति खारेजीको मागगर्दै विश्वविद्यालयको केन्द्रीय कार्यालय, परीक्षा नियन्त्रण कार्यालय र सम्पूर्ण डीन कार्यालयहरू अनिश्चितकालीन तालाबन्दी गरेका हुन्।

त्यसैगरी पोखरा विश्वविद्यालय कर्मचारी संघले पनि अपारदर्शी ढंगले नियुक्ति गरिएका कर्मचारीको नियुक्तिको बदर नभएसम्म सशक्त रूपमा चरणबद्ध आन्दोलन गर्ने र आन्दोलनलाई वेवास्ता गरे कर्मचारीहरूको हकहित र सेवा सुरक्षाका लागि अदालतको ढोकासम्म पुग्ने समेत चेतावनी दिएको छ। कर्मचारी संघका अध्यक्ष रविन्द्रप्रसाद बरालले बिना जानकारी, बिना प्रतिस्पर्धामा नियुक्ति गरिएका कर्मचारीको नियुक्ति कुनै हालतमा

बाँकी ३ पृष्ठमा...

## नागरिक दवाब सशक्त आन्दोलनतिर

✍हरि पन्त/ज्यो.भ.

**पोखरा** : पोखरामा अन्तर्राष्ट्रिय क्षेत्रीय विमानस्थल निर्माणको माग गर्दै पोखरामा जारी नागरिक दवाब अब सशक्त आन्दोलनतिर जाने निश्चित भएको छ।

करिब ९ महिनाको नागरिक दवाबलाई सरोकारवाला निकायले नसुनेपछि दवाब अब सशक्त आन्दोलनतिर जान लागेको हो। सशक्त आन्दोलन तैयारी स्वरुप भाद्र ७/२०६९ देखि शुरु भै मंसिरसम्म जारी करिब ४ महिना लामो रिले अनसन स्थगन गरिएको छ। नेपालीको महान चाड विजयादशमीमा समेत नरोकिएको रिले अनसन एकाएक स्थगन हुनुले पोखरेली तथा समस्त पश्चिमाञ्चलवासी आश्चर्य चकित भएका छन्। तर जाडो मौसम बढ्दै गएको र अन्य आन्दोलनलाई सशक्त बनाउनका लागि ४ महिना लामो रिले अनसन केही समयका लागि स्थगन गरिएको विमानस्थल निर्माण सरोकार समितिले स्पष्ट पारेको छ।

'हामीले आन्दोलन तुहाउन रिले अनसन स्थगन गरेका होइनौं, समय परिस्थिति र अन्य सशक्त आन्दोलनको तैयारी स्वरुप रिले अनसनलनाई हालका लागि स्थगन गरेका हौं' सरोकार समितिका संयोजक कृष्णमोहन श्रेष्ठले भन्नुभयो, 'यसअघिका नागरिक दवाब नागरिक आन्दोलनमा परिणत भैसकेको छ। यसलाई कसरी सशक्त ढङ्गले अगाडि बढाउने भन्नेमा छलफल केन्द्रित छ। केही दिनमा पत्रकार सम्मेलन मार्फत कार्यक्रम सार्वजनिक गर्नेछौं।' पोखरेलीले आन्दोलन शुरु नगरेको भए विमानस्थलको फाइल सदाका लागि नै बन्द हुने थियो संयोजक श्रेष्ठले भन्नुभयो,' आन्दोलनबाट विमानस्थलको फाइल सुरक्षित भएको छ त्यसैलाई महत्वपूर्ण मान्दै अभ्र सशक्त आन्दोलनमार्फत विमानस्थल निर्माणका लागि दवाब दिनुपर्छ।'

संयोजक श्रेष्ठले राजनीतिक खेलकै कारण विमानस्थल निर्माणमा ढिलाई भइरहेको बताउनुभयो। सशक्त आन्दोलन अन्तर्गत बन्द हड्ताल समेत हुने भएकाले बन्द हड्ताल गर्न नहुने कतिपय व्यक्तिहरूको बन्द हड्ताल नगरी अन्य सशक्त कार्यक्रम अघि बढाउनुपर्ने धारणा रहेकाले त्यसैमा छलफल केन्द्रित रहेकाले केहीदिनभित्रै निचोडमा पुगिने पोखरा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष समेत रहनुभएका संयोजक कृष्णमोहन श्रेष्ठले बताउनुभयो। बन्द गरेर जनतालाई दुःख दिने मनसाय सरोकार समितिको नभएको संयोजक श्रेष्ठले स्पष्ट पार्नुभएको छ।

त्यसैगरी रिले अनसन स्थगन गर्न नहुनेमा पोखरेलीको मनसाय रहेपनि समय परिस्थितिलाई ध्यानमा राख्दै रिले अनसन स्थगन गरिएता पनि सशक्त आन्दोलन घोषणाको अन्तिम तैयारीका लागि छलफल केन्द्रित रहेको सरोकार समितिका सदस्य आनन्दराज मुल्मीले जानकारी दिनुभयो।

त्यसैगरी विमानस्थल निर्माण कार्यसम्पादन समितिका सदस्य तथा पर्यटन व्यवसायी विप्लव पौडेलले विकास निर्माणका कार्यक्रममा सम्बन्धित निकाय निकम्मा रहेकाले सशक्त आन्दोलनमार्फत दवाब दिनुपर्ने बताउँदै यसअघिका कार्यक्रमलाई समेत निरन्तरता दिने र अन्य नयाँ कार्यक्रम घोषणा गर्न छलफल केन्द्रित भैरहेको र केही दिनमा निश्कर्षमा पुगी सार्वजनिक गर्ने बताउनुभयो। बन्द अड्ताल गरेर जनतालाई दुःख दिने कुनै मनस्थितिमा सरोकार समिति नरहेपनि विमानस्थल सबैको प्रतिष्ठासंग गासिएकाले यसमा सबैले सहयोग गर्नुपर्नेमा पौडेलको जोड थियो।

विमानस्थल निर्माण सरोकार समितिले दिएको जानकारी अनुसार यहि मंसिर १७, २३ र ३० गते बृहत जनप्रदर्शन गर्ने कार्यक्रम रहेको छ। यसबीचमा पश्चिमाञ्चलभित्र रहेका गण्डकी धौलागिरि अञ्चलका १० जिल्लाका जिल्ला सदरमुकाममा अन्तर्क्रिया गर्ने कार्यक्रम तय हुनेगरी छलफल अघि बढेको बुझिएको छ।

त्यसैगरी कास्की आमहड्ताल, पश्चिमाञ्चल आमहड्ताल, सरकारका मन्त्रीहरूलाई पश्चिमाञ्चलमा प्रवेश निषेध तथा बहिष्कार र राजधानी काठमाडौं ठप्प पार्नेगरी नाकाबन्दी समेत आन्दोलनका कार्यक्रम सार्वजनिक हुन सक्ने बुझिएको छ।

यसैबीच पर्यटन व्यवसायी नरेश भट्टराईले सरोकार समितिको छलफलमा आँफूहरूलाई नबोलाएको दुःखेसो व्यक्त गर्दै बन्द हड्तालबाट आक्रान्त जनताका लागि फेरी बन्द गर्न नहुने धारणा व्यक्त गर्नुभयो। उहाँले आन्दोलन विसर्जन हुन खोजेको हो कि भन्ने आशंका रहेको बताउँदै बन्द हड्ताल गरेर होइन अन्य रचनात्मक कार्यक्रमबाट आन्दोलन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो। बन्दलाई सधैं अन्त्य गर्नुपर्ने बताउँदै पर्यटन व्यवसायी नरेश भट्टराईले आन्दोलनलाई राजधानी केन्द्रित आन्दोलनमार्फत दवाब दिनुपर्ने बताउनुभयो।

वि.सं.२०३१ सालमा ३ हजार १ सय ६ रोपनी जग्गा विमानस्थल निर्माणका लागि अधिग्रहण गरिएको थियो। पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल माग्दै आन्दोलित बनेका पोखरेलीले सिंहदबार घेराउ, पोखरा विमानस्थल ठप्प पार्नुका साथै बृहत् जनप्रर्दशन लगायतका कार्यक्रम गरिसकेका छन्।

करिब ४ महिना लामो अनसन १५३औं श्रृङ्खलामा पुगि हालका लागि स्थगन गरिएको छ। अनसनमा २ हजार ४ सय २ जनाले सहभागिता जनाएका थिए।

## फुटपाथ हटाउने विषयमा बिबाद

✍ज्योतिष भविष्यवाणी

**पोखरा** : पोखरा उप-महानगरपालिकाले तत्कालै फुटपाथ व्यवसायीलाई व्यवस्थित गर्न अन्तिम सूचना सार्वजनिक गर्ने भएको छ। पोखरा उपमहानगरपालिकाको पोखरामा बसेको ४३औं बैठमा उक्त कुराको जानकारी गराएको हो।

कार्यक्रममा बोल्दै प्रमुख कार्यकारी अधिकृत झलकराम अधिकारीले फुटपाथ व्यवसायीलाई व्यवस्थापन की विस्थापन गर्ने भन्ने कुरामा अन्यौल रहेको बताउनुभयो।

उहाँले नगरपालिकाले विस्थापन गर्ने हो भने सबै पक्षले सहयोग गर्नुपर्ने बताउनु भएको छ। कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष संजीवबहादुर कोईरालाले पोखरा उप-महानगरपालिकाभित्र पर्ने १ हजार ४६ जना फुटपाथ व्यवसायी बाहेक अन्यलाई हटाउनु पर्ने बताउनुभएको थियो। कालिका गणका गणपति शम्भु उप्रेतीले हरेक कार्य कानून बमोजिम गर्नुपर्ने बताउनुभएको थियो।

कार्यक्रममा बोल्ने अन्य वक्ताहरूले वैकल्पिक उपाय निकालेरमात्र फुटपाथ व्यवसायीलाई विस्थापन गर्नुपर्ने नत्र ४२/४३ पटक बसेको बैठक, बैठकमामात्र सीमित रहने बताएका छन्। कार्यक्रममा वरिष्ठ पत्रकार नारायण कार्की, उपभोक्ता मञ्चका अध्यक्ष कपिलनाथ कोईराला, ने.क.पा. माओवादी कास्कीका लोकबहादुर थापा, टोल विकास संस्था वडा समन्वय समिति वडा नं. ९ का अध्यक्ष उत्तम जोशी लगायतले बोल्नुभएको थियो।

कार्यक्रम पोखरा उप-महानगरपालिकाका प्रमुख कार्यकारी अधिकृत झलकराम अधिकारीको अध्यक्षतामा सम्पन्न भएको थियो।

विवाह, ब्रतबन्ध, पास्नी, जन्मदिन, दिकुटी पार्टी, वार्षिक साधारण सभा, बैठक, सेमिनार, प्रशिक्षण आदि कार्यक्रमको लागि पोखरामा सर्वाधिक उपयुक्त स्थान

उपलब्ध सेवाहरू:

- पोखरामा सबैभन्दा ठूलो पार्किङ एरिया
- अत्यन्त सुपथ दरमा तीन तारे होटलको सेवा उपलब्ध
- ठूला बाल्कोनी सहितको विशाल तथा आरामदायी कोठाहरु
- सबै कोठाहरूबाट हिमाल छर्लङ्ग देखिने
- २ वटा स्वीमिङ्ग पुल
- २० देखि २५० जनासम्म अटाउने ३ वटा हलहरू
- निःशुल्क वाईफाईको सुविधा
- आकर्षक गार्डेन तथा पर्याप्त हरियालीसँग आत्मीय कर्मचारीहरू



होटल फेवा प्रिन्स प्रा. लि.
चाउथे, कुँडहर
'The Most Spacious Hotel in Pokhara'
फोनः ०६१-५२४७०१, ५२७९५२
मो. ९८५६०२८६१८
फ्याक्सः ०६१-५२४८८१
E-mail : fprince_pkr@wlink.com

**ज्योतिषवाणी - जन्मकुण्डलीको महत्व**

ललाटपट्टे लिखिता विधाता षष्ठीदिने याऽक्षरमालिका च ।
तां जन्मपत्री प्रकटीं विधत्ते दीपो यथा वस्तु घनान्धकारे ॥

जन्मदेखि छैटौंका दिन जातकको निधारमा भाग्यले जो लेखिदिन्छ, त्यसलाई प्रकट गर्ने काम जन्मकुण्डलीबाट हुन्छ, जस्तो कि अँध्यारोमा रहेको वस्तुलाई बलेको दियोले छर्लङ्ग देखाइदिन्छ ।

# सम्पादकीय

## एस.एल.सी.पश्चात् ज्योतिष परामर्श अनिवार्य

नेपालको आधुनिक स्कूले शिक्षामा समसामयिक जे–जे विषयको पढाई भएपनि एस.एल.सी. परीक्षा उत्तीर्ण पश्चात् प्रत्येक विद्यार्थी विशिष्टीकरणतर्फ लाग्दछ । कुनैपनि विषयको विशेषज्ञ बन्नका लागि विद्यार्थीले आँफूलाई ईच्छा लागेका विषय रोज्ने गर्दछन् । त्यसरी आँफैले रोजेर पढेको विषयमा पनि पछि स्नातक अथवा स्नाकोत्तर मास्टर डिग्रीमा व्याक लाग्ने अथवा पढाई कमजोर भएर पढ्न छोड्ने अवस्था रहेको ज्योतिष भविष्यवाणीको अनुसन्धानमा देखिएको छ । यस्तो किन हुन्छ ? सर्वप्रथम विद्यार्थीले जे पढ्नका लागि जन्म लिएको छ त्यो पढाई हुन नसक्नु अथवा विषय चयन नै गलत हुनु हो । आफ्नै ईच्छाले विषय चयन गर्दा पनि किन गलत हुन्छ ? यसको सही जानकारी दिने शिक्षा ज्योतिष हो । त्यसकारण प्रत्येक छात्र–छात्राले एस.एल.सी. पछि कुन विषय लिएर पढेमा राम्रो सफलता प्राप्त गर्न सक्छ एकपटक जन्मकुण्डलीको आधारमा अनुभवी ज्योतिषीसंग परामर्श लिनु अनिवार्य आवश्यक देखिएको छ । जसलाई जुन विषय पढ्न लेखेको छ उसले त्यही विषय पढ्यो भने त्यो विशेषज्ञ हो सो विषयको तर विशेषज्ञ खास प्रकारका विषयको हुँदा–हुँदै पनि व्यक्ति बेरोजगार बस्न बाध्य हुन्छ भने त्यस्ता व्यक्तिलाई विषय विशेषज्ञ मान्न मिल्दैन । कुनै व्यक्तिलाई अंग्रेजी पढाउन राम्रो आँउछ भने उस व्यक्तिसंग अंग्रेजी ट्युसन पढ्ने विद्यार्थी सयौं आउँदछन्, अंग्रेजी गाइड लेखेर पनि उ बाँच्न र परिवार पाल्न राम्रोसंग सक्दछ । कुनै अंग्रेजीमा प्रकाशित पत्र–पत्रिकाको प्रुफ हेरेर पनि राम्रो मासिक तलव प्राप्त गर्न सक्दछ ।

तर नेपालमा अंग्रेजी पढाउने शिक्षक प्राध्यापक जति भएपनि छात्र–छात्राको पकड अंग्रेजीमा छैन । साधारण सामुदायिक विद्यालयबाट पढेर एस.एल.सी. उत्तीर्ण छात्र–छात्रा आइ.ए.स्तरमा पढ्दा अंग्रेजी आगौं कटाउने अरु विषय अहिले कटाउने भन्ने योजनामा लागेको सवत्र पाइन्छ । प्रायः अंग्रेजी विषय व्याक पेपर दिएर नै उत्तीर्ण गर्ने परम्परा नै रहिआएको छ । जसको जन्मलग्न कुण्डलीमा शनि ग्रह उँचो, मूल त्रिकोण, स्वगृहिमध्ये कुनै होला साथमा राहु या केतु नबसेको होस् साथमा सूर्य ग्रह पनि नहोस् उस विद्यार्थीको अंग्रेजी सधैं राम्रो हुने गर्दछ । जबकी शनि ग्रह शत्रू निचो या साथमा राहु या केतुका साथ बसेको छ भने उस व्यक्तिको अंग्रेजी कहिल्यै पनि राम्रो हुँदैन । कुनै विद्यार्थीको शनि ग्रह कस्तो अवस्थामा छ ? यतिमात्र जानकारी गरी अंग्रेजी विषय पढ्ने या नपढ्ने निर्णय गरी विद्यार्थीले विषय चयन गर्ने गरेमा हाम्रो समाजलाई सक्षम अंग्रेजीका प्राध्यापक तैयार गर्न सकिन्छ । ठीक त्यस्तै जो विद्यार्थीको सूर्य ग्रह उँचो, स्वगृही, मूल त्रिकोणमध्ये कुनै होला सूर्य ग्रहका साथमा राहु या केतु नहोस सूर्य ग्रहका साथमा शनि ग्रह पनि नहोस् त्यस्तो विद्यार्थीमात्र सिविल, ईलेक्ट्रिकल, कम्प्युटर ईन्जिनियरिङ्ग पढेर सफल ईन्जिनियर बन्न सक्दछ । जो व्यक्ति जेठ, कार्तिक, माघ, फाल्गुन महिनामध्ये कुनै महिनामा जन्मेको छ भने त्यो विद्यार्थी सफल सिविल, ईलेक्ट्रिकल, कम्प्युटर ईन्जिनिएर बन्न सक्दैन कारण यी महिनामा सूर्य ग्रह कमजोर हुन्छ । जब सूर्य ग्रह शत्रू या निचो हुन्छ त्यो विद्यार्थी माथि उल्लेखित सिविल ईलेक्ट्रिकल ईन्जिनियरिङ्गको सफल छात्र–छात्रा बन्न सक्दैन । जो व्यक्तिको जन्म वैशाख, आषाढ, भाद्र, आश्विन, पौष महिनामा भएकोछ, जसको जन्मलग्न कुण्डलीमा सूर्य ग्रहका साथ राहु या केतु एकसाथ बसेको नहोस्, शनि ग्रह पनि बसेको नहोस् त्यस्ता विद्यार्थी सिविल, ईलेक्ट्रिकल, कम्प्युटर ईन्जिनियरिङ्गमा उत्कृष्ट हुने गर्दछन् । परीक्षा उत्तीर्ण गरेपछि तत्काल जागीरमा लाग्ने गर्दछन् । जो व्यक्तिको जन्मलग्न कुण्डलीमा चन्द्रमा उँचो स्वगृही या मूल त्रिकोण भै बसेको होला त्यस्ता विद्यार्थी बाइलोजी, माइक्रो बाइलोजी, समाजशास्त्र, होटल व्यवस्थापन, पाइलट् ईन्जिनियरिङ्गमा उच्च श्रेणीमा उत्तीर्ण गरी परीक्षा उत्तीर्ण पश्चात् तत्काल जागीरमा, पेशामा प्रवेश गर्ने गर्दछन् । चन्द्रमा ग्रह मजबूत हुने व्यक्ति असल र सफल मेडिसिन पेशाकर्मी हुने गर्दछन् ।

जति पनि व्यक्ति आयुवेर्दिक विज्ञानको क्षेत्रमा संलग्न छन् ती सफल व्यक्तिको जन्म–कुण्डलीमा चन्द्रग्रह मजबूत अवस्थामा हुने गर्दछ । जो व्यक्तिको जन्म–लग्न कुण्डलीमा चन्द्र ग्रह कमजोर अवस्थामा होला त्यस्ता विद्यार्थी मेडिकल, होटल, प्रोजेक्ट क्षेत्रमा कहिल्यै पनि राम्रो सफलता प्राप्त गर्न सक्दैनन् । त्यसकारण लाखौं खर्चगरी मेडिकल विषय पढेर सफलता पाइन्छकि पाईंदैन ? सही जानकारी लिएर पढ्नु उच्च बुद्धिमानी हुन्छ । आयुर्वेद विषय मुख्य रुपमा चन्द्रमाबाट हेरिन्छ भने फिजिसियनतर्फ मंगल ग्रहबाट हेरिन्छ । यदि कुनै व्यक्तिले फिजिसियन डक्टर हुने हो भने उस व्यक्तिको जन्मलग्न कुण्डलीमा मंगल ग्रह उँचो मूल त्रिकोण या स्वगृही हुनैपर्दछ । मंगल ग्रहका साथराहु या केतु एकैसाथ बसेको छ भने त्यस्ता विद्यार्थी एम.बि.बि.एस को प्रवेश परीक्षामा पटक–पटक अनुत्तीर्ण भएको पाइएको छ । कारणवश चन्दा दिएर प्राइभेट कोटामा मेडिकल पढेर डिग्री हासिल गरेपछि पनि पेशामा अनेक झमेलामा फँस्ने गरेको पाइएको छ । कतिपय व्यक्ति मेडिकलको डिग्री पूरा गरेर पेशामा प्रवेश गर्दा नगर्दै दुर्घटनामा परि मृत्यु भएको ज्योतिष भविष्यवाणीको अनुसन्धानमा भेटिएको छ । त्यसकारण एस.एल.सी.मा उच्च अङ्क ल्याइयो भन्दैमा मेडिकल पढ्न खोज्नु पनि बुद्धिमानी होइन । आँफू कानून व्यवसायी हुने लेखेको छ कि ? ईन्जिनियर हुन लेखेको छ कि ?, पाइलट् हुन लेखेको छ कि ? एस.एल.सी. परीक्षा उत्तीर्ण गरेपछि कुनै अनुभवी ज्योतिष विशेषज्ञसंग परामर्श लिई अध्ययनलाई अगाडि बढाउँदा आफ्नो आमा बुबाको लाखौंको लगानीलाई बचाउन अथवा सही ठाउँमा उपयोग गर्न सकिन्छ । आधारभूत ज्योतिष शिक्षाको ज्ञान नहुँदा यो दुनियाँमा जे जति व्यक्तिहरूले धक्का हानी नोक्सानी व्यहोर्नु परेको छ एकातर्फ दुःख लाग्दोछ अर्कोतर्फ ज्योतिषजस्तो विशुद्ध मानव कल्याणमा आधारित ज्योतिष विधामा विश्वास नगर्ने केही व्यक्तिको जमात पनि छ जो आँफूलाई भाग्यमा होइन कर्ममा विश्वास लाग्ने बताउँछन् । वास्तवमा कर्म र भाग्य दुवैको संयोगलेमात्र पूर्ण सफलता पाइन्छ । यदि भाग्यमा विश्वास नगरी कर्ममात्र गर्दा व्यक्ति सफल हुँदो हो त दशवर्षे जनयुद्धबाट अरबौं कमाउने माओवादी नेता प्रचण्ड र उनका असन्तुष्ट गरीब निरीह कार्यकर्ता आज बराबरीको अवस्थामा हुनुपर्ने हो । लडाईं संगै लडेको हो, दशवर्षे कार्यकालमा करोडौंको घर किन्ने नेता र खान लाउनै नपुग्ने कार्यकर्ताबीचको अन्तर कर्मले पारेको त होइन । हो भने भाग्यले नै हो । त्यहि भाग्यको सही खोजी गर्ने शास्त्र हो ज्योतिष । कर्म र भाग्यबारे निकै बहस विश्वव्यापी रुपमा आएका छन् । कुनै व्यक्ति कर्ममामात्र विश्वास गर्छन् भने कुनै व्यक्ति भाग्यमा तर यी दुवैमा एउटाकोमात्र भरोसामा कसैको पनि जीवन सफल बन्न सक्दैन । यदि कर्मैको बलमा हुनेभए हजारौं प्रहरी, हजारौं शाही सेना भएका पूर्वराजा ज्ञानेन्द्रले किन राजदरबार छोडेर सामान्य नागरिक हुनुपऱ्यो ? लाखौं वाइसियल कार्यकर्ता अन्य हजारौं कार्यकर्ता हुँदा–हुँदै प्रधान सेनापति रुक्माङ्गत कटुवाललाई कार्वाही गर्न खोज्दा किन २४ घण्टामा तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहालले राजीनामा गर्नुपऱ्यो ? ग्रहले नै व्यक्तिलाई सडकबाट सदन र राजदरबारमा पुऱ्याउँछ भन्ने प्रमाण नेपालका पूर्व राजा ज्ञानेन्द्र स्वयं छन्, माधवकुमार नेपाल छन्, हालका प्रधानमन्त्री डा.बाबुराम भट्टराई छन् । ग्रह कमजोर भएका राजा, राष्ट्रपति, प्रधानमन्त्री जुन पदमा पुगेपनि व्यक्ति सत्ता हाक्न सक्दैन भन्ने प्रमाण पाकिस्तानी पूर्व प्रधानमन्त्री परवेज मुसरफ होइनन् र ? जो देशै छाडी बेलायतमा आप्रवासी जीवन बिताउन बाध्य छन् । त्यसकारण प्रत्येक व्यक्तिले आँफू के गरी पूर्ण सफलता प्राप्त गर्न सक्ने हो ? यो तथ्यको जानकारी लिई उन्नति–प्रगति गर्न ज्योतिष विज्ञानको सहारा लिनै पर्ने हुन्छ खास गरी एस.एल.सी.परीक्षा उत्तीर्ण पश्चात् ।

# मेची–महाकाली ज्योतिष जागरण अभियान नेपाल

## ज्योतिष प्रशिक्षण शिविर–केन्द्र नवलपरासीका

### ज्योतिष प्रशिक्षार्थीहरू

**१.ज्यो. पुनमज्योति पोखरेल**
जन्म मिति : २०४१/५/२६ गते
पिता : अर्जुनप्रसाद पोखरेल
बाजे : लक्ष्मीप्रसाद पोखरेल
ठेगाना : प्रतापपुर–४, नवलपरासी

**२.ज्यो.कमल पौडेल**
जन्म मिति : २०४५/१०/६ गते
पिता : नारायणदत्त पौडेल
माता : गंगादेवी पौडेल
ठेगाना : खुर्कोट–५, पर्वत

**३.ज्यो. नर प्र.उपाध्याय तिमिल्सिना**
जन्म मिति : २०४६/७/१२ गते
पिता : कालु प्र.उपाध्याय तिमिल्सिना
बाजे : हीरा प्र.उपाध्याय तिमिल्सिना
ठेगाना : सिटखाना–१, कालिकोट

**४.ज्यो. शंकर प्र.उपाध्याय तिमिल्सिना**
जन्म मिति : २०४४/८/२४ गते
पिता : परशुराम उपाध्याय तिमिल्सिना
बाजे : शिवलाल उपाध्याय तिमिल्सिना
ठेगाना : पोखरा–१, सिम्पानी, कास्की

**५.ज्यो. प्रेम प्र.उपाध्याय अर्याल**
पिता : खोकनाथ उपाध्याय अर्याल
ठेगाना : पाङ, पारीस्वाँरा, पर्वत

**६.ज्यो. नरेशराज शर्मा लम्साल**
जन्म मिति : दिसम्बर २३, १९९२(ई.सं.)
पिता : कृष्णप्रसाद लम्साल
बाजे : नेत्रनारायण उपाध्याय
ठेगाना : शिवमन्दिर–३, नवलपरासी

**७.ज्यो. देवीप्रसाद सुवेदी**
जन्म मिति : २०२४/८/१२ गते
पिता : केशवप्रसाद सुवेदी
बाजे : मनिराम सुवेदी
ठेगाना : तमसरिया, चोरमारा–७, नवलपरासी

**८.ज्यो. भागवत प्रसाद गौतम शास्त्री**
जन्म मिति : २०१०/८/११ गते
पिता : शुकदेव गौतम
बाजे : रत्नदत्त गौतम
ठेगाना : गैंडाकोट–८, नवलपरासी

**९.ज्यो. ता.दुर्गादत्त चापागाईं**
जन्म मिति : २०१६/८/२८ गते
पिता : धर्मदत्त चापागाईं
बाजे : हरिप्रसाद चापागाईं
ठेगाना : प्रगतिनगर–३, नवलपरासी

**१०.ज्यो. विष्णुप्रसाद चपाईं**
जन्म मिति : २०१६/८/२९ गते
पिता : शशिधर चापागाईं
ठेगाना : शिवमन्दिर–३, कावासोती, नवलपरासी, फोन : ०७८:५४०१८२

**११.ज्यो. नारायणप्रसाद गौतम**
जन्म मिति : २०१०/९/१९ गते
पिता : ऋषिराम गौतम
बाजे : कमलापति गौतम
ठेगाना : प्रगतिनगर–४, नवलपरासी
फोन : ०७८–५२९५१०

**१२.ज्यो. भोलानाथ ढकाल (उपाध्याय)**
जन्म मिति : १९८७/१२/२८ गते
पिता : रघुनाथ ढकाल
बाजे : ऋषिराम ढकाल
ठेगाना : प्रगतिनगर–३, नवलपरासी
फोन : ०७८–५२९५१०

**१३.ज्यो. कृष्णप्रसाद पोखरेल**
जन्म मिति : वि.सं.२०१५/१०/१० गते
पिता : एकनारायण पोखरेल
बाजे : धुव्रलाल पोखरेल
ठेगाना : प्रगतिनगर–१, दलदले, नवलपरासी
फोन : ०७८–५२९५०९, ५२९५१०

**१४.ज्यो. भवेश्वर खनाल**
जन्म मिति : वि.सं.१९९७/१/१९ गते
पिता : अम्मरराज खनाल
बाजे : दण्डपाणी खनाल
ठेगाना : प्रगतिनगर–३, नवलपरासी
फोन : ०७८–५२९५१०

**१५.ज्यो. विष्णुप्रसाद सापकोटा**
जन्म मिति : वि.सं.२०३४/११/१८ गते
पिता : हिमलाल सापकोटा
बाजे : भूमिराज सापकोटा
ठेगाना : फोक्सिङ–७, गुल्मी(पूर्तिघाट)
सम्पर्क: जनज्योति उ.मा.वि.प्रगतिनगर, नवलपरासी
फोन : ०७८–५२९५०९

**१६.ज्यो. हरि प्रसाद शर्मा कंडेल**
जन्म मिति : वि.सं.२०१९/११/४ गते
पिता : दशरथ कंडेल
बाजे : तुलसीराम कंडेल
ठेगाना : अमरापुरी–२, नवलपरासी
सम्पर्क: जनज्योति उ.मा.वि.प्रगतिनगर, नवलपरासी
फोन : ०७८–५२९५०९

**१७.ज्यो.सोमनाथ आचार्य**
जन्म मिति : वि.सं.२०२३/७/९ गते
पिता : यमनाथ आचार्य
बाजे : मित्रलाल आचार्य
ठेगाना : प्रगतिनगर–१, नवलपरासी
सम्पर्क: जनज्योति उ.मा.वि.प्रगतिनगर, नवलपरासी
फोन : ०७८–५२९५०९

**१८.ज्यो. रमेश बराल**
जन्म मिति : वि.सं.२०३१/९/२२ गते
पिता : विष्णुप्रसाद बराल
बाजे : पशुपति बराल
ठेगाना : प्रगतिनगर–१, दलदले, नवलपरासी
सम्पर्क: जनज्योति उ.मा.वि.प्रगतिनगर, नवलपरासी
फोन : ०७८–५२९५०९

**१९.ज्यो. घनश्याम पंगेनी**
पिता : मेघनाथ पंगेनी
बाजे : भवानीशंकर पंगेनी
ठेगाना : तमसरिया–७, चोरमारा, नवलपरासी

**२०.ज्यो. ध्रुवप्रसाद काफ्ले**
पिता : पिताम्वर काफ्ले
ठेगाना : चोरमारा, नवलपरासी

**२१.ज्यो. नगेन्द्र भुर्तेल**
जन्म मिति : वि.सं.२०२१/२/१ गते
पिता : महादेव भुर्तेल
बाजे : देउनारायण भुर्तेल
ठेगाना : तमसरिया–५, चौरङ्गी, नवलपरासी

**२२.ज्यो. भीमलाल अर्याल (उपाध्याय)**
जन्म मिति : वि.सं.२००३/कार्तिक
पिता : डाँसुराम अर्याल
बाजे : हरिप्रसाद अर्याल
ठेगाना : तमसरिया–७, चोरमारा, नवलपरासी
सम्पर्क: जनजागरण मा.वि.चोरमारा, नवलपरासी

**२३.ज्यो. चेतनाथ ढकाल**
जन्म मिति : वि.सं.२०२५/६/२२ गते
पिता : टुमलाल ढकाल
बाजे : नन्दलाल ढकाल
ठेगाना : द्विव्यपुरी–४, दुम्कौली, नवलपरासी
सम्पर्क: जनज्योति उ.मा.वि.प्रगतिनगर, नवलपरासी

क्रमशः अगामी अंकमा

# श्री स्वस्थानी महाकाव्य-एक चर्चा




**गताङ्कबाट क्रमश :**

कुमारजी अगाडि बताउनुहुन्छ हेर्नुहोस् अगस्त्यमुनि शिव शर्माले गोमासंग विवाह गरेर ससुराली कै घर बस्दा-बस्दा आठ/दश वर्ष बिताउनुभयो। उहाँलाई अब ससुराली कहाँ कति बस्ने आफ्नै घर जाउँ जस्तो भएछ। ससुरा शिव भट्ट र सासु सती ब्राह्मणीसंग बिदावादी भै आफ्ना घरतर्फ लागेछन्। शिव शर्मा र गोमा बिदा भै घर जान लाग्दा निकै परसम्म शिवभट्ट ब्राह्मणीले हेर्दै गरे। गोमा वन जंगलको बाटो हिंडि पहाडको बेसीमा पुगिन् जहाँ शिव शर्माले फलफूल टिपी खुवाउनुभयो। त्यो झाप्रोमा रहंदा बस्दा गोमा गर्भिणी भएको जानकारी भयो। शिव शर्माले भने,'हेर गोमा घरको खर्च चलाउन घरै बसेर सकिएला जस्तो छैन। म दुई/चार महिना बाहिर गएर आउँछु' भनि हिंडे। एउटा आश्रममा शिव शर्मा के पुगेका थिए लटरम्म फलफूल देखेर खाउँ-खाउँ लाग्यो। गोमा पनि भोकले आत्तिएकी थिइन्। तर फलफूलको बगैंचा धनी ऋषि दम्पतिले भने,'आँफै टिपेर लग्नुहोस्।' शिवशर्मा फलफूलको रुखमा के चढेका थिएकी रुखको हाँगो भाँचियो, शिव शर्माको आकस्मिक मृत्यु भयो। गोमा ब्राह्मणीको परीक्षण गर्न शिव शर्मा बनेका शिवजी कैलाश पर्वत जानुभयो। यतिका दिन हराएकोमा पार्वतीलाई पतिदेवको चिन्ता लागेको थियो। शिवजीले शिव शर्माको रुपमा छलगरी गोमालाई गर्भिणी गराई हिंडेको पार्वतीलाई सबै जानकारी भयो। 'लोग्ने मान्छे राम्री स्वास्नी भेटे भने जतिदिन पनि हराउँदा रहेछन्' पार्वतीले भन्नुभयो। ती गोमा बेचारीलाई सित्तैमा किन दुःख दिएको होला ? पार्वतीले थप भन्नुभयो। यता गोमा भिक्षा मागी जसरी-तसरी दिन बिताउँदै बच्चा जन्माउन पुगिन, चन्द्रज्योति नगरदेखि ब्राह्मण बोलाई न्वारन पनि गराइन। ब्राह्मण पण्डितले गोमा पुत्रको जन्मनाम ज्योतिष शास्त्र अनुसार 'नवराज' राखिदिए। नवराज असल गुणले सम्पन्न थिए। गाउँ घरकै व्यक्तिसंग चन्दा सहयोग मागेर गोमाले नवराजको चूडाकर्म, व्रतवन्ध कर्म सम्पन्न गरिन्। नवराज हुर्कंदै गए। अब उनको विवाह गर्ने उमेर ढल्कंदै गयो। गोमा फेरी चिन्तित् भइन् तर यजमान समाजसेवीको सहयोगले वरुणपुरका अग्निस्वामीकी छोरी चन्द्रावतीसंग विवाह पनि भयो। दिन, महिना रमाइलोमा बित्दै थिए। नवराजलाई खेलकूदमा पनि अति नै रुचि थियो। उनी एकदिन खेल्न गएका थिए, उनका साथीले 'तँलाई हामी बिना बाउको छोरो भन्छौं' भने। नवराजलाई चित्त दुखनसम्म दुख्यो। उनले आफ्नी आमा गोमालाई सोधे 'मेरो बुबा खै ? उहाँको नाम केहो ?' गोमाले आँखाभरी आँसु टलपल-टलपल पार्दै भनिन्,'बाबु! तिमी गर्भमा छँदा विदेश लागेका श्रीमान् शिव शर्मा जीवित हुनुहुन्छ कि हुनुहुन्न त्यो पनि थापा भएन। यतिका वर्ष बिते खै केही खबर आएको छैन।' नवराज भन्छन्,'त्यसो भए पिताज्यूको खोजीमा म जान्छु।' गोमाले भनिन्,'बाबु तिमी पनि हरायौ भने म कोसंग बस्ने ?' नवराजले भने,'म गर्भमै छँदा हराउनु भएका पिताको खोजी गर्नु मेरो कर्तव्य हो। मरेका भएपनि, जीवितै भएपनि म खोजी गरी फर्किन्छु।' त्यसपछि नवराज घरबाट हिंडे। जाँदा-जाँदा एउटा ऋषि आश्रममा पुगे, त्यहाँ ब्राह्मण बृद्ध-बृद्धा भेटिए। हाम्रो बुबा शिव शर्मालाई देख्नुभयो होला कि ? सोध्दा ब्राह्मण दम्पतिले भने,'ती त्यै रुखमा फलफूल टिप्न लाग्दा तिम्रा बा लडेर मरेका हुन्। मान्छे मरेपनि हाडखोर त त्यहीं होलान् नि गएर हेर।' नवराज रुखमुनि गै हेर्दा शिव शर्माका अस्थिपञ्जर भेटे, बटुलेर गंगामा बगाए, धर्मशास्त्र बमोजिम दश दिनको क्रियाकर्म पनि गरे।


डा.बलराम उपाध्याय रेग्मी

अब घर जाउँ गुजारा गर्ने भरपर्दो आयस्रोत छैन, कुनै साहु अथवा राजा कहाँ गै सेवा गरे केही पैसा त कमाउन सकिन्छ जुन पैसाले घर श्रीमती चन्द्रावती, आमा गोमालाई पाल्न सकियोस भनि राजदरबारको सेवामा नवराज लागे। श्रीस्वस्थानी देवीको कथा बाइसौं अध्याय यही पूरा हुन्छ। आउँदो तेइसौं अध्यायको कथा लिई भेटौंला। **क्रमशः**

# पोखरा विश्वविद्यालयमा...

पनि मान्य नहुने बताउनुभयो। कर्मचारी संघले शनिबारदेखि मंसिर ५ गतेसम्म कलम बन्द, मंसिर ६ गतेदेखि ७ गतेसम्म उपकुलपति र रजिष्ट्रारको कार्यालयमा तालाबन्दी गरी केन्द्रीय कार्यालयमा धर्ना दिएको थियो भने मंसिर ८ गतेदेखि अनिश्चित तालाबन्दी गरी विरोध गर्ने आन्दोलनका कार्यक्रम तय गरेको छ।

यसैबीच राजनीतिक भागबण्डाबाट करारमा कर्मचारी नियुक्ति गरिएको भन्दै पोखरा विश्वविद्यालय अनेरास्ववियु (क्रान्तिकारी)ले पनि विरोध जनाएको छ। पो.वि.वि. अनेरास्ववियु (क्रान्तिकारी)ले सोमबार एक विज्ञप्ति जारी गर्दै गैरकानूनी र अवैधानिक तरिकाले कर्मचारीको नियुक्ति गरेको भन्दै विरोध जनाएको हो। विश्वविद्यालयको केन्द्रीय प्रशासनले विश्वविद्यालयको करारनामा नियमावलीको ठाडो उल्लङ्घन गरेको आरोप लगाएको छ।

सेवा आयोगले तोकेको प्रक्रियाभित्र प्रवेश नै नगरी विना विज्ञापन एवं प्रतिस्पर्धामा विश्वविद्यालयले प्रमुख तीन राजनीतिक दलको भागवण्डा गरी १३ कर्मचारीहरूको नियुक्ति गरेको भन्दै अनिश्चितकालीन बन्द समेत गराएका छन्। गत कार्तिक २७ गते पोखरा विश्वविद्यालय कार्यकारी परिषद्को बैठकको निर्णय भन्दै त्यसको भोलिपल्ट २८ गते सार्वजनिक बिदाको दिन किर्ते निर्णय गरिएको विज्ञप्तिमा जनाइएको छ।

क्रान्तिकारीले विज्ञप्तिमार्फत उक्त निर्णयको खारेजीको माग समेत गरेको छ। विज्ञप्तिमा भनिएको छ,'विश्वविद्यालय पूर्ण प्राज्ञिक र सार्वजनिक संस्था भएकोले विश्वविद्यालयको हरेक निकायमा हुने सम्पूर्ण नियुक्तिहरू पारदर्शी र प्रतिस्पर्धाको आधारमा हुनुपर्नेमा पार्टीगत भागवण्डाबाट कर्मचारीहरूको नियुक्ति गरिनु बिडम्बना हो।'

राजनीतिक भागवण्डाका आधारमा कर्मचारीहरू अवैधानिक र गैह्रकानूनी ढंगबाट नियुक्ति गरिएको छ, कर्मचारी नियुक्ति खारेज हुनुपर्ने र रजिष्ट्रारले तत्काल राजीनामा दिनुपर्ने माग समेत विज्ञप्तिमा उल्लेख गरिएको छ। विश्वविद्यालयका उपकुलपति खगेन्द्रप्रसाद भट्टराई, रजिष्ट्रार डा. मानबहादुर के.सी. र परीक्षा नियन्त्रक बलराम भट्टराईलाई भऱ्याङ बनाएर नेपाली कांग्रेस, एनेकपा माओवादी र एमालेले पाँच/पाँच र तीन संख्याको आधारमा भागबण्डा गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

# पोखरा ज्योतिष महाविद्यालय

पोखरा-२, अर्चलबोटचोक, कास्की, पो.ब.नं.२०७, पोखरा, नेपाल।

## जन्म-कुण्डली लेखक परीक्षा-२०६९

पूर्णाङ्क:१००
समय : ५ घण्टा    केन्द्र : पोखरा ज्योतिष महाविद्यालय,पोखरा, नेपाल।    उत्तीर्णाङ्क :९९
परीक्षा मिति :.....

तपाईंलाई दिइएको जन्ममिति २०६९ मंसिर २३ गते बिहान १०:३० बजे कास्की जिल्लामा जन्मेका व्यक्तिको विवरणमा आधारित निम्न प्रश्नहरूको उत्तर दिनुहोस्। सबै प्रश्न अनिवार्य छन्।

१) शाके भनेको के हो ? यो कसरी निकालिन्छ ? उदाहरण सहित स्पष्ट पार्नुहोस्। (५)
२) ईस्वीय सन्, महिना, तारीखबाट विक्रम सम्वत्को साल महिना र गते परिवर्तन विधिको चर्चा गर्नुहोस्। तलका शब्दहरू बारे छोटो टिप्पणी लेख्नुहोस्। (५)
(क)श्री सम्वत्    (ख)सौरमानेन    (ग) वि.सं.
३) पक्ष कतिवटा हुन्छन् ? ती पक्षबारे जानकारी दिने सरल विधिको चर्चा गर्नुहोस्। तिथि कति हुन्छन् ? नेपाली तथा भारतीय पञ्चाङ्गमा तिथि कसरी हेर्ने ? छोटो चर्चा गर्नुहोस्।(५)
४) विष्कुम्भ भनेको के हो ? टिप्पणी गर्दै विष्कुम्भादि योगहरूको नाम लेख्नुहोस्। (५)
५) आनन्दादि योगहरू कति हुन्छन् ? तिनका नाम लेख्नुहोस्। (५)
६) पञ्चाङ्ग भनेको के हो ? संक्षिप्तमा चर्चा गर्नुहोस्।
(५)
७) भुक्त र भभोग भनेको के हो ? भुक्त र भभोग निकाल्ने सरल विधि लेख्नुहोस्। (५)
८) सूर्योदयादि जन्मगत घटिका कसरी निकालिन्छ ? उदाहरण सहित चर्चा गर्नुहोस्। (५)
९) नेपाली पञ्चाङ्ग हेर्ने विधि बारे संक्षिप्त टिप्पणी गर्नुहोस्। (५)
१०) संक्षिप्त चिनारी दिनुहोस् : (५)
(क) दिन शेष घटि/पला    (ग) रात्रिमान घटि/पला
(ख) रात्रिगत घटि/पला    (घ) रात्रिशेष घटि/पला
११) तपाईंलाई दिइएको जन्म विवरणवालाको जन्मनाम के हो ? जन्मनामको आधारमा उसको राशि, राशिस्वामी,वर्ण, वश्य,योनी, गण, आशन र नाडी समेत उल्लेख गर्नुहोस्।(५)
१२) योगिनी, त्रिभागी र विंशोत्तरीय महादशा निकाल्ने सूत्रको उल्लेख गर्दै तीनवटै महादशा स्पष्ट बुझिने गरी तालिका तैयार गर्नुहोस्। (५)
१३) जन्मवारादि पंक्ति कसरी निकालिन्छ ? ग्रह स्पष्ट गर्दा आवश्यक पञ्चाङ्ग ईष्ट कुन हो ? हिमाल पञ्चाङ्गको पृष्ठ समेत उल्लेख गर्नुहोस्। (५)
१४) जन्मकुण्डली बनाउन आवश्यक गर्ने १० महत्वपूर्ण बुँदाहरूको विवरण लेख्नुहोस्। (५)
१५) लग्नपष्ट गर्ने कुनै एक प्रचलित विधिको उदाहरण सहित छोटो टिप्पणी लेख्नुहोस्। (५)
१६) चालन भनेको के हो ? चालन कति प्रकारका हुन्छन् ? कस्तो अवस्थामा चालन ऋण या धन हुन्छ ? उदाहरण सहित लेख्नुहोस्। (५)
१७) लग्नपष्ट गर्ने विधिको चर्चा गर्दै लग्न, सूर्य तथा राहु केतुको ग्रहस्पष्ट गरी देखाउनुहोस्।(५)
१८) योगिनी, त्रिभागी र विंशोत्तरीय महादशाको भुक्त-भोग्य निकाल्ने विधि लेख्नुहोस्। (५)
१९) मार्गी र बक्री भनेको के हो ? कुनै ग्रह मार्गी या बक्री छ भन्ने जानकारी कसरी हुन सक्दछ? संक्षिप्त लेख्नुहोस्। (५)
२०) अष्टवर्ग कुण्डलीका नाम के-के हुन् ? उल्लेख गर्दै वि.सं.२०६९ साल मंसिर २३ गते बिहान १०:३० बजे कास्की जिल्लामा जन्मेका बालकको अष्टकुण्डली चिना तैयार गर्नुहोस्। (५)

केन्द्राध्यक्ष/प्राचार्य
डा.बलराम उपाध्याय रेग्मी


# वरिष्ठ ज्योतिष भविष्यवक्ता/अधिवक्ता

## प्राध्यापक डा.बलराम उपाध्याय रेग्मी

एम.ए.(अंग्रेजी),जी.ए.एम.एस्.(आयुर्वेद) बी.एड.(अंग्रेजी), बी.एल.(कानूनशास्त्री) व्याकरणशास्त्री (संस्कृत) एम.फिल., पी.एच.डी.(ज्योतिष), ज्योतिष महामहोपाध्याय(डी.लिट्) मानार्थ

**भेट्ने समय :** बिहान १० बजेदेखि १२ बजेसम्म/
दिनमा १ देखि बेलुकी ५ बजेसम्म/

नोट :प्रत्येक शनिबार 'ज्योतिष भविष्यवाणी' कार्यालय पूर्णरुपमा बन्द रहनेछ।
ज्योतिष सम्बन्धी सम्पूर्ण सेवाका लागि सम्पर्क फोन नं.
९८५६०२०९१४, ९८५६०३०९१४
९७२६१५३६८४, ०६१-५४०३४७

# गीताञ्जली १२०औं साधना प्रभात सम्पन्न

ज्योतिष भविष्यवाणी

**पोखरा** : गीताञ्जली साहित्य परिवार पोखराको १२०औं साधना प्रभात कार्यक्रम शनिबार गीतामन्दिर प्राङ्गण रामघाट पोखरामा सम्पन्न भएको छ । परिवारका अध्यक्ष कृष्ण भण्डारी 'मुमुक्षु' को सभापतित्वमा सम्पन्न कार्यक्रममा सभानायक संस्थाका सल्लाहकार तथा लोकगायक पद्मराज ढकाल रहनुभएको थियो ।

कार्यक्रममा बोल्दै सभानायक पद्मराज ढकालले साहित्य देशको र राजनीतिको पथप्रदर्शक भएको बताउनुभयो ।

उहाँले राजनीतिलाई सही बाटोमा डोऱ्याउन साहित्यले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । त्यस्तै समाजसेवी तथा राजनीतिकर्मी निर्मल कर्माचार्यले राष्ट्रियता दाउपेचमा रहिरहेको बेला कविका कविताले राष्ट्रियता जोगाउन महत्वपूर्ण भूमिका निभाउने बताउनुभयो । उहाँले 'जहाँ पुग्दैन रवि त्यहाँ पुग्छन् कवि' भनेझैं कसैले देख्न नसक्ने कुरालाई कविले देख्ने बताउनुभयो । त्यस्तै साहित्यकार विष्णु अल्पविरामले साहित्य कुण्ठाको उपज र अनुभूतिको ऐना भएको बताउनुभयो ।

कार्यक्रममा बोल्दै संस्थाका संरक्षक तथा सल्लाहकार तीर्थराज अधिकारीले वास्तविकता साहित्यमामात्र पाइने भएकाले राजनीति गर्ने व्यक्तिले साहित्यलाई बुझ्न सके देश राम्रो गतिमा अघि बढ्ने बताउनुभयो । उहाँले कविका कविताका वाण अर्जुनको धनुको वाणभन्दा तिखो हुने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा सुस्मिता बाँनिया, धर्मराज पौडेल'अल्पायु', राजन आचार्य, विनायक शर्मा, हरि पन्त, शंकर ज्ञवाली, कृष्णप्रसाद पन्त, शोभाकान्त गौडेल, दीपेन्द्र पहारी, प्रतिभा शर्मा, विष्णु अल्पविराम, अर्जुन पन्थ लगायतले आ-आफ्नो रचना वाचन गरेका थिए ।

कार्यक्रममा परिवारका उपाध्यक्ष शिवप्रसाद गौतमले स्वागत र सह-सचिव लक्ष्मी थापाले कार्यक्रम संचालन गर्नुभएको थियो । कार्यक्रमको समापन गर्दै कार्यक्रमका सभापति कृष्ण भण्डारी'मुमुक्षु'ले जुनसुकै कार्यमा पनि साधना पश्चात्मात्र सिद्धि प्राप्त हुने बताउनुभयो ।

# देवकोटा जयन्तीमा काव्य गोष्ठी




ज्योतिष भविष्यवाणी

**स्याङ्जा** : बाँसपानी नि.मा.वि. वालिङ-७ फुटेढुङ्गाले १०३औं देवकोटा जयन्ती सोमबार विविध कार्यक्रमका साथ मनायो ।

सो अवसरमा गजलकार रविन के.सी.को 'गजलकै नदीमा' गजल संग्रह, छन्दवादी कवि ज्ञानेश्वर रेग्मीको 'मालचरी' कविता संग्रह, निवन्धकार लेखनाथ रेग्मीको 'मेरो अतित र मेरा अनुभूति' निबन्ध संग्रहको प्रमुख अतिथि विश्वप्रेम अधिकारीले लोकार्पण गर्नुभयो । सोही अवसरमा स्याङजाली साहित्यिक धरोहर कवि देवीप्रसाद वनवासीलाई विद्यालयमा पुस्तकालय स्थापना गरेर उल्लेखनीय योगदान गरे बापत सम्मान गरिएको थियो ।

कार्यक्रममा साहित्यकार देवीप्रसाद बनवासी, छन्दवादी कवि चिन्तु गिरी, बेदान्त आचार्य स्वामी गोविन्द गिरी महाराज, सूर्यप्रसाद रेग्मी, स्याङ्जा गजल प्रतिष्ठानका अध्यक्ष रुद्र सन्देश मगरलगायतले मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा सुन्दर मानन्धर, मिलन समीर, नारायण काफ्ले, रविन के.सी., लक्ष्मी प्रसाद रेग्मी, लेखनाथ काफ्ले, ज्ञानेश्वर रेग्मी, युवराज सुवेदी, लक्ष्मी काफ्ले, डोलराज रेग्मी, मुक्तिप्रसाद भण्डारी, रामप्रसाद भण्डारी, कुमार राना, चूडामणि खनाल, दयानाथ अर्याल, त्रिभुवन अर्याल, नारायणप्रसाद ज्ञवाली, संगीता घिमिरे, यामकान्त खनाल, सूर्यप्रसाद डुम्रेलगायतले देवकोटाप्रति समर्पित रचनावाचन र विद्यालयका विद्यार्थीले राष्ट्रिय गान तथा रोचक नृत्यहरूसमेत प्रस्तुत गरेका थिए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष यज्ञप्रसाद काफ्लेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा लेखनाथ काफ्लेले स्वागत मन्तव्य राख्नुभएको थियो भने कार्यक्रमको संचालन घनश्याम अधिकारीले गर्नुभएको थियो ।

# भण्डारीको 'पोखिएको मनको भाव' विमोचित

ज्योतिष भविष्यवाणी

**पोखरा** : कलाकार, साहित्यकार तथा रेडियो प्रस्तोता सञ्जय भण्डारीको पहिलो मुक्तक संग्रह 'पोखिएको मनको भाव'को एक कार्यक्रमका बीच विमोचन गरिएको छ ।

रेडियो सराङ्कोट १०४.६ मेगाहर्जले पोखरामा आयोजना गरेको कार्यक्रममा भण्डारीको सो मुक्तक संग्रह विमोचन गरिएको हो । मुक्तक संग्रह 'पोखिएको मनको भाव'को विमोचन गर्दै प्रमुख अतिथि तथा साहित्यकार प्रकट पगेनी 'शिव'ले पुस्तक विमोचन गर्दै स्रष्टाहरूले घमण्डलाई त्यागेर साधना, पूजा र श्रद्धा गर्नुपर्ने बताउनुभयो । रेडियोका कार्यकारी निर्देशक कृष्ण थापाले स्रष्टा सञ्जय भण्डारीलाई आफ्नो कमी-कमजोरीलाई औंल्याउँदै अघि बढ्न सुझाव दिनुभयो ।

त्यस्तै स्वतन्त्र पत्रकार संघ नेपालका अध्यक्ष कृष्ण बाँस्तोलाले रेडियो सराङ्कोटले गरे जस्तै हरेक सञ्चारमाध्यमले आफ्नो कर्मचारीको प्रतिभा प्रष्फुटन गर्ने अवसर प्रदान गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा साहित्यकार कृष्ण देवकोटा, रेडियो सराङ्कोटका समाचार वाचक तथा साहित्यकार कमल पौडेल 'अथक', फ्लोरिङ्ग कल्चर एशोसिएशनका अध्यक्ष दयाकुमार द्वा, रेडियोका निर्देशक इन्द्रकमल मानन्धर, कृतिकार सञ्जय भण्डारी लगायतले बोल्नुभएको थियो ।

कार्यक्रममा पुस्तकको समीक्षा गजल सन्ध्या पोखराका अध्यक्ष मन क्षेत्रीले गर्नुभएको थियो भने स्रष्टा परिचय साहित्यकार उदीपराज ढुङ्गानाले गर्नुभएको थियो । कार्यक्रम रेडियो सराङ्कोटका कार्यकारी निर्देशक कृष्ण थापाको सभापतित्वमा सम्पन्न भएको थियो ।

# महायज्ञलाई सघाउन पूर्व विद्यार्थीको सक्रियता

ज्योतिष भविष्यवाणी

**पोखरा** : कास्कीको पुरन्चौर गा.वि.स.स्थित भारती भवन उच्च मा.वि.मा आयोजना गर्न लागिएको श्रीमद्भागवत् महापुराण एवं धनधान्याञ्चल महायज्ञ सफल बनाउन पूर्व विद्यार्थीहरू पनि सक्रिय भएर लाग्ने भएका छन् । भारती भवन उच्च मा.वि. पूर्व विद्यार्थी मञ्चले सोमबार आयोजना गरेको पूर्वविद्यार्थीहरूको भेलाले महायज्ञ सफल बनाउन सहयोग पुऱ्याउने निर्णय गरेको हो ।

भेलामा बोल्दै महायज्ञ मूल आयोजक समितिका अध्यक्ष हेमप्रसाद गौतमले महायज्ञ सफल पार्नु सबैको दायित्व भएको बताउनुभयो । मूल आयोजक समितिका वरिष्ठ उपाध्यक्ष दीपक पौडेलले महायज्ञ पुरन्चौरको प्रतिष्ठाको विषय समेत भएको भन्दै मन, वचन र कर्मले सहयोग पुऱ्याउन आग्रह गर्नुभयो ।

यस क्षेत्रको नमूना कृषि महाविद्यालय र भारती भवन उच्च मा.वि.मा विज्ञान संकायको दश जोड दुई कक्षा संचालनका लागि आवश्यक पर्ने रकम संकलन गर्ने उद्देश्यले महायज्ञ आयोजना गर्न लागिएको हो । महायज्ञ मंसिर २४ गतेदेखि पौष १ गतेसम्म संचालन हुनेछ ।

महायज्ञमा पण्डित दिनबन्धु पोखरेलले भागवत् वाचन गर्नुहुनेछ ।

महायज्ञमा भूमि, नगद र जिन्सी दान गरी शैक्षिक विकासमा सघाउन सबैमा आग्रह गरिएको छ । महायज्ञ सम्पन्न गर्न गठित विभिन्न ३३ वटा उप-समितिहरूद्वारा तैयारीलाई तीव्र पारिएको बताइएको छ ।

भेलामा ने.क.पा.एमाले पुरन्चौर गाउँ इकाई समितिका अध्यक्ष निलकण्ठ बाँस्तोला, मूल आयोजक समितिका सचिव गोविन्द काफ्ले लगायतले बोल्नुभएको थियो । भारती भवन उच्च मा.वि. पूर्व विद्यार्थी मञ्चका अध्यक्ष नेत्रपाणि बाँस्तोलाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष नारायणप्रसाद गौतमले स्वागत र सचिव गोविन्दप्रसाद पौडेलले कार्यक्रम संचालन गर्नुभएको थियो ।

## खै सद्भाव !



शंकर ज्ञवाली
पोखरा-१०, कास्की

मनै मिल्ने साथी पनि तर्किएर पर
बोल्दा दर्जा पुग्दैन कि भन्ने लाग्छ डर
सय थुङ्गा फूलमाला धुजा-धुजा भयो
सद्भाव र सहकार्य ऐले कहाँ गयो ?
।।१।।
खलवलियो मित्रभाव बिग्रियो भाइचारा
काटाकाट हुन्छ टोलमा रहे यस्तै पारा
कस्तो तुच्छ राजनीति नेपालमा आयो
जताततै विकृति र विसंगति छायो
।।२।।
लथालिङ्ग देशको हजुर भताभुङ्ग चाला
रोपिन के बेर लाग्छ आपसमा माला
कस्तो कु-विज रोपिदियो समाजमा आज
छि मलाई त लाग्ने गर्छ भन्दा पनि लाज
।।३।।
यस्तै हुन्छ दृष्टिकोणमा भएपछि दोष
गतिछाडा नेताजीमा कैले पस्ला होस
जातित्वको आगो लाउने नीति चाहिँदैन
वर्गीयता पर्खाल लगाई हेप्न पाइँदैन
।।४।।
काग बाठो हुन्छु भन्दा दिसा खाएसरी
लौरो समेत बिर्सिएछन् जंघार पार गरी
राम्रो मुहार देखिँदैन ऐना फुटेपछि
फूट्नीतिले के नै गर्छ हामी जुटेपछि ।।५।।

*प्रतिक्रियाका लागि : ९८५६०३१४४४*


## ज्योतिष भविष्यवाणी परामर्श केन्द्र

### ज्योतिष भविष्यवक्ता ज्यो.सुश्री सीता रेग्मी

भेट्ने समय : बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म/

फोन सम्पर्क : ९८४६२१८८१५, ९७२६१५३६८३

### हाम्रा ज्योतिष सम्बन्धी सेवाहरू

१) सबै प्रकारका जन्मकुण्डली अंग्रेजी, नेपाली, हिन्दी भाषामा बनाउने,
२) अशुद्ध, अधुरा जन्मकुण्डली चेक गर्ने,
३) जन्मकुण्डली तथा हस्तरेखाको आधारमा लिखित भविष्यवाणी गर्ने,
४) ज्योतिष सम्बन्धी उपचार बारे विस्तृत परामर्श दिने,
५) जन्मदेखि मृत्युपर्यन्त गरिने धार्मिक कर्मकाण्डबारे संयोजन गरिदिने ।

अनुभवः- (१) विगत १४ वर्षदेखि ज्योतिष शिक्षाको माध्यमबाट सशक्त सामाजिक सेवा गर्दै आएको (२) वि.सं. २०५५ पौष १४ गतेदेखि ज्योतिष भविष्यवाणी (साप्ताहिक) मोरङ (हाल कास्की स्थित कार्यालयको) पर्वत जिल्ला संवाददाता (३) आजीवन सदस्य-अन्तर्राष्ट्रिय ज्योतिष अनुसन्धान प्रशिक्षण एवं भविष्यवाणी केन्द्र, पर्वत, धौलागिरि, नेपाल (४) सचिव-नेपाल ज्योतिष पत्रकार संघ राष्ट्रिय समिति (५) आजीवन सदस्य-कर्णधार (मासिक) पोखरा, प्रधान सम्पादक-डा.भूपति ढकाल 'कमल' (६) आजीवन सदस्य-पोखरा ज्योतिष महाविद्यालय, पोखरा, नेपाल शैक्षिक योग्यता-ज्योतिष डिप्लोमा (७) दक्षिण एशियाली ज्योतिष महासंघको आजीवन सदस्य, एशियाली ज्योतिष महासम्मेलन गौहाटी, काठमाडौंबाट स्वर्णपदक प्राप्त (८) अन्तर्राष्ट्रिय ज्योतिष महासम्मेलन भारत राजस्थान अजमेरबाट स्वर्णपदक तथा मध्यप्रदेश इन्दौरबाट ज्योतिष चन्द्रिका उपाधि प्राप्त (९) सदस्य-नेपाल पत्रकार महासंघ कास्की शाखा, नेपाल, (१०)सदस्य-नेपाल प्रेस युनियन, कास्की शाखा । (११) वेदाङ्ग ज्योति (मासिक) राजस्थान आयोजक-अन्तर्राष्ट्रिय ज्योतिष सम्मेलनबाट ज्योतिष मार्तण्ड मानद उपाधि प्राप्त ।

# ज्योतिष सामान्यज्ञान

१) नाडी कतिप्रकार हुन्छन् ?-३ प्रकारका *(आद्य, मध्य, अन्त्य)*

२) कुन नाडी परेमा विवाह गर्न हुन्छ ? कुनमा गर्न हुँदैन ?

*-आद्य-मध्य, आद्य-अन्त्य, मध्य-आद्य, मध्य-अन्त्य एक आपसमा परेमा विवाह गर्न हुन्छ भने आद्य-आद्य, मध्य-मध्य, अन्त्य-अन्त्य नाडी आपसमा वर कन्याको परेमा विवाह गर्नु शुभ हुँदैन ।*

३) आद्य-आद्य नाडी पारेर विवाह गरे के हुन्छ ?

*-'आद्य नाडी वरं हन्ति' आद्य-आद्य नाडी पारेर विवाह गरेमा वर अथवा श्रीमान् अल्पायु हुन्छ ।*

४) मध्य-मध्य नाडी पारेर केटा-केटीको विवाह गरे के हुन्छ?

*-'मध्य नाडी तु कन्यका' अर्थात मध्य-मध्य नाडी पारेर विवाह गरेमा केटीको मृत्यु हुन्छ ।*

५) अन्त्य-अन्त्य नाडी पारेर विवाह गरे के हुन्छ ?

*-'उभयोर्अन्त्य नाडिका' अर्थात् अन्त्य-अन्त्य नाडी पारेर विवाह गरेमा श्रीमान्-श्रीमती दुवैजना एकैसाथ दुर्घटनामा परेर मर्ने हुन्छ ।*

६) नक्षत्र कति हुन्छन् ? *-२७ नक्षत्र (मुख्य रुपमा अभिजित नक्षत्र समेत गन्दा २८ हुन्छन्)*

७) १२ राशिका मालिक या स्वामी के-के हुन् ?

*-मेषको स्वामी मंगल, वृषको शुक्र, मिथुनको बुध, कर्कको चन्द्रमा, सिंहको सूर्य, कन्याको बुध, तुलाको शुक्र, वृश्चिकको मंगल, धनुको गुरु वा बृहस्पति, मकरको शनि, कुम्भको शनि र मीनको गुरु वा बृहस्पति हो ।*

८) वर्ण कति हुन्छन् ? *-४ हुन्छन् (विप्र,क्षेत्री, वैश्य, शूद्र)*

९) गण कति हुन्छन् ? *-गण ३ हुन्छन्*

*(देव गण, नर गण, राक्षस गण)*

१०) कुन गणको बीचमा विवाह गर्दा प्रथम श्रेणीको मानिन्छ ?

*-देव-देव गण, राक्षस-राक्षस, नर-नर, अथवा मनुष्य-मनुष्य गणबीचको विवाह प्रथम श्रेणीको हुन्छ ।*

११) कुन गणबीच विवाह गरेमा जीवनभरी श्रीमान्-श्रीमतीबीच कच्कच् हुन्छ ? *-देवगण र राक्षसबीच*

१२) गुण कम्तिमा कति भएमा विवाह गर्नु शुभ मानिन्छ ?

*-न्यूनतम् १८ गुण भएमा*

१३) जुनसुकै कारणले श्रीमान्ले आफ्नी श्रीमतीको हत्या गर्दछ भने ती श्रीमान्-श्रीमती कुन गणका होलान् ?

*-मनुष्य र राक्षस गणका*

# भरतनाट्यम् नृत्य हुने

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : पाश्चात्य शैलीमा हुने नृत्य तथा अन्य सांगीतिक प्रस्तुतिबाट नेपालको बजार राम्ररी प्रभावित भैरहेका बेला मानिसलाई सम्पूर्ण प्रक्रियाबाट मनोरञ्जन दिने भरतनाट्यम् नृत्य पोखरामा हुने भएको छ । श्री अरविन्दो योग मन्दिर काठमाडौंको आयोजनामा यहि मंसिर ८ गते शुक्रबार पोखराको सभागृह हलमा हुने उक्त नृत्यमा चेन्नइको कला क्षेत्रबाट प्रशिक्षित आश्रमकै विद्यार्थी लक्ष्मी घिमिरेको विशेष प्रस्तुति रहने मंगलबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो ।

भरतनाट्यम् नृत्य भगवान ब्रह्माले पञ्चम वेदको रुपमा रचना गर्नुभएको नाट्य वेदको अंश मानिन्छ । शिवजीको सहयोगमा भरतमुनिले ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद चारै वेदलाई समेट्ने गरी परिकल्पना गर्नुभएको नृत्यलाई भरतनाट्यम् नृत्य भन्ने प्रचलन रहेको पाइन्छ । श्री अरविन्द आश्रम काठमाडौंमा रहेका २ सय विद्यार्थीलाई आवासीय रुपमा पठन पाठनको सुविधा उपलब्ध गराउने उद्देश्य अनुरुप सो नृत्यको आयोजना गरिन लागेको आश्रमकी शिक्षिका दुर्गा भण्डारीले जानकारी दिनुभयो ।



**ज्योतिषी बाजे आफ्नै निवासमा** : नेपालकै ज्योतिषको राजधानी भनेर प्रख्यात ठाउँ पर्वत जिल्लाको खुर्कोट-२ का ज्योतिषी लालकृष्ण पौडेल । उहाँ वि.सं.२०५१/५२ सालदेखि ज्योतिष पेशामा सक्रिय हुनुहुन्छ । महिनामा सरदर १०० जना मानिस उहाँसंग ज्योतिष परामर्श लिन आउँछन् । विद्यालयको औपचारिक शिक्षा नभए पनि पाङ्कै ज्योतिषी हरिदत्त रिजाल र गगनराज रिजालसंग सप्तसती दुर्गा, वेद, चण्डी तथा आधारभूत ज्योतिष अध्ययन गरेर ज्योतिषको पेशामा सक्रिय हुनुहुन्छ । वि.सं.२०१४ सालमा जन्मिनुभएका पौडेलका श्रीमती, २ छोरा, २ छोरी छन् । आधुनिक युगमा कम्प्युटरको माध्यमबाट ज्योतिष परामर्श दिने प्रचलन बढिरहे पनि पर्वतको पाङ खुर्कोटमा पुरानै शैलीबाट परामर्श दिने गरिंदै आइरहेको छ । अझै योभन्दा पुरानो शैली धुलौट कोरेर भविष्यवाणी गर्ने प्रचलन नेपालबाट हराइसकेको छैन ।

तस्वीर : हरि पन्त/ज्यो.भ.

# कास्की कांग्रेस क्रियाशील सदस्य नविकरणमा

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : प्रायः संगठनको कार्यमा निष्क्रिय जस्तो देखिने कास्की कंग्रेस पार्टी धमाधम क्रियाशील सदस्यको नविकरणमा लागेको छ ।

करीब २ हजार ९ सयभन्दा बढी क्रियाशील सदस्य रहेको कास्कीमा पोखरा-२ मा मात्र ११४ जना क्रियाशील सदस्य रहेको कास्की कंग्रेस स्रोतले जनाएको छ ।

जसमा सुरेन्द्रबहादुर भारी, प्रभा प्रधान(हाल स्वर्गीय) कान्छाबहादुर कस्केली, जगतबहादुर ताम्राकार, टङ्कमान नापित, अधिवक्ता रत्नजंग कार्की, निरञ्जन भान्साकार्य, सुरज विजुक्छे, सुदर्शन भारी, लालकुमार साई, डम्वरराज रेग्मी, मुक्तिकुमार बजिमय, राजेन्द्र बजिमय, गजेन्द्र भारी, सुरेन्द्रमान विजुक्छे, तीर्थमान प्रधानाङ्ग, सर्वज्ञराज प्रधानाङ्ग, देवबहादुर शेरचन, रत्नादेवी विजुक्छे, प्रमोद पराजुली, ईन्द्रसागर पराजुली, शिवप्रसाद पराजुली, रामेश्वर मल्ल, केशवशरण पराजुली, हेमबहादुर विजुक्छे, ऋषिराम पराजुली, डा.ओमप्रकाश शर्मा, अष्टमान प्रधानाङ्ग, सत्यमान प्रधानाङ्ग, शर्मिला रेग्मी, राधा अधिकारी, विश्व गोपाल पराजुली, कालिचरण पराजुली, विजयाचञ्चला रेग्मी, गोपाल प्रसाद पराजुली, बर्मा बाटाजु, कृष्णचन्द्र पराजुली, प्रा.डा. यादव शर्मा गौडेल, गोमा सुवेदी, अधिवक्ता डा.बलराम उपाध्याय रेग्मी, भुवन भारी, दिवसमान प्राधानाङ्ग, सुरेन्द्रराज रेग्मी, अशोक भट्टचन, अर्जुन भारी, रविन्द्र बाटाजु, सनकमान बाटाजु, आनन्दराज मुल्मी, केशवराज रेग्मी, विश्वम्भर बिजुक्छे, निन्द्रा पौडेल, भद्रराज त्रिपाठी, जशोदा भण्डारी, देवीराम छिन्त्याल, आशबहादुर गुरुङ, खेलबहादुर पुन, धनकाजी गुरुङ, जंगबहादु गुरुङ, रामहरि जोशी, जगनकुमारी गुरुङ, सु.दानबहादुर गुरुङ, लक्ष्मीदेवी गुरुङ, गीतादेवी गुरुङ, शंकरकुमार विजुक्छे, अरुण कायस्थ, राजेश पालिखे, भीमबहादुर बजिमय, वीरेन्द्रकुमार बड्गामी, जीवनराज पराजुली, कृष्णमोहन श्रेष्ठ, हरिप्रसाद लामिछाने, कृष्णबहादुर वि.क., किरण विजुक्छे, शर्मिला श्रेष्ठ, रुपेश मलेगो, सरिता श्रेष्ठ (बिजुक्छे), भुवन गुरुङ, दिलबहादुर गुरुङ, सावित्री राणा, समिक्षा गिरी, ज्ञानहरि जोशी, शुभ गौचन, सुमित्रा गौचन, रमोहिनी मल्ल, गीता बराल (रेग्मी), विजयराज रेग्मी, शिव पराजुली, ऋषिदेवी पराजुली, वैकुण्ठप्रसाद सुवेदी, डा.पुष्पराज शर्मा, चित्रा खाण, सुष्मा बाटाजू, अञ्जु बाटाजू, रस्सा पराजुली, सोमकला पराजुली, सीता पराजुली, द्विव्यलक्ष्मी रेग्मी, लक्ष्मी रेग्मी, क्षेत्रकुमारी रेग्मी, रामबहादुर बड्गामी, टङ्कलाल श्रेष्ठ, विष्णुकुमार श्रेष्ठ, राजकुमार चुल्याजू, प्रमोद वाग्ले, कृष्ण उदास, लिना प्रधानाङ्ग, गोपालप्रसाद बाटाजू, तुल्सीबहादुर नापित, मीना कोइराला, पञ्चप्रकाश कोइराला क्रमशः रहनुभएको छ ।

संविधान सभाको पुनःस्थापना होइन चुनाव नै सहि निकास हो भन्ने मान्यता राख्ने नेपाली कांग्रेस पार्टी अब धमाधम् आफ्ना पार्टीका क्रियाशील सदस्यको नवीकरणमा लागेको छ ।

७५ वटै जिल्लाव्यापी क्रियाशील सदस्यको नविकरण गर्दा जिल्ला-जिल्लाको सदस्यता रकम फरक-फरक रहेता पनि कास्की कंग्रेसले मात्र २ सय रुपैयाँमा नविकरण गरिरहेको छ ।

संभवतः आगामी चुनाव पूर्वसम्म नविकरण म्याद रहने पार्टी कार्यकतालाई यथाशीघ्र नविकरण गर्न गराउन समेत कास्की कंग्रेसले आग्रह गरेको छ ।


# ज्योतिष भविष्यवाणीका सेवाहरू

१. भर्खरै जन्मेका बच्चा/बच्चीको हालसम्म चिना जन्मकुण्डली बनेका छैनन् भने यहाँ नयाँ चिना बनाइन्छ ।
२. पुराना कच्चा कागजमा बनेका, फाटेका धुजा हुन लागेका वा मेटिन लागेका चिना फेरि नयाँ बनाइन्छ ।
३. चिना र हस्तरेखाबाट तुलनात्मक अध्ययन गरी शतप्रतिशत भूत, वर्तमान, भविष्यका बारेमा लिखित ग्यारेण्टी तथा अडियो क्यासेटमा रिकर्ड गरी भविष्यवाणी गरिन्छ ।
४. ज्योतिष व्यवसायी तालिम संस्थागत तथा पत्राचार, टेलिभिजन तथा रेडियोमार्फत दिइने व्यवस्था चलिरहेको छ ।
५. ज्योतिष चिकित्सा परामर्श सेवा नियमितरूपमा संचालित छ । अन्यत्रको उपचार नलागेका व्यक्तिहरू सम्पर्क गरी सो सेवा लिइरहनुभएको छ ।
६. पुरानाभन्दा पुराना रोग पत्ता लगाइन्छ । ज्योतिषको वैज्ञानिक उपचारबाट बिरामी ठीक गरिन्छ ।
७. ज्योतिष भविष्यवाणी पत्राचारबाट पनि लेखिपठाउने व्यवस्था छ ।
८. नेपाली कागजमा तथा आधुनिक सर्टिफिकेट मोडलमा छापा विभिन्न २/४/८ कुण्डलीका फर्म यहाँ किन्न पाइन्छ ।
९. ज्योतिष जागरण (मासिक), ज्योतिष भविष्यवाणी (साप्ताहिक), ज्योतिष आवाज (मासिक), स्वयं ज्योतिषी, ज्योतिष वैज्ञानिक उपचार, हाम्रा प्रकाशन खोजी-खोजी पढ्नुहोस् ।
१०. एकसय वर्षका पुराना पात्राहरू चाहिएमा हामी हेर्ने सुविधा दिन्छौं ।
११. रेडियो अन्नपूर्ण ९३.४ पोखराबाट विगत ११ वर्षदेखि नियमित संचालित साप्ताहिक 'ज्योतिष भविष्यवाणी' कार्यक्रम प्रत्येक शनिबार बेलुकी ३:३० बजेदेखि ५ बजेसम्म प्रशारित भइरहेको छ, सुन्दै गर्नुहोला । यस कार्यक्रममा पत्र पठाउँदा कुनै शुल्क लाग्ने छैन ।
१२. प्रत्येक हप्ताको सोमबार बेलुकी ५ देखि ६ बजेबीच धौलागिरि एफ.एम.९८.६ बाग्लुङबाट हाम्रो साप्ताहिक कार्यक्रम 'ज्योतिष जागरण' संचालन भैरहेको छ, सुन्दै गर्नुहोला ।



सम्पर्क ठेगाना

**ज्योतिष भविष्यवाणी**

(राष्ट्रिय साप्ताहिक)

केन्द्रीय स्थायी कार्यालय : खुर्कोट-४, पाङ, पर्वत, धौलागिरि, नेपाल

पत्राचार, संपादन, वितरण, ज्योतिष परामर्श, ज्योतिष उपचार कार्यालय : पोखरा-२, अर्चलबोटचोक, कास्की, पो.ब.नं. 207, पोखरा, नेपाल ।

Phone/Fax : +977-61-540347

Mobile Phone: +977-9856020914, 9856030914, 9726153684 (Direct)

E-mail: jbweekly@fewanet.com.np/haripanta@gmail.com

Website: www.jbweekly.com, www.Facebook.com/jbweekly

# साप्ताहिक दैनिक शुभ समय कार्य तालिका

ज्यो.डा.बलराम उपाध्याय रेग्मी

| | |
|---|---|
| बिहीबार<br>२०६९/८/७<br>Nov.22, 2012 | बिहान ६:३१ बजेदेखि ८:०१ बजेसम्म शुभ/बिहान ८:०१ बजेदेखि ९:३१ बजेसम्म रोग/बिहान ९:३१ बजेदेखि ११:०१ बजेसम्म उद्वेग/बिहान ११:०१ देखि १२:३१ बजेसम्म चर/दिनमा १२:३१ देखि २:०१ बजेसम्म लाभ/दिनमा २:०१ बजेदेखि ३:३१ बजेसम्म अमृत/दिनमा ३:३१ देखि ५:०१ बजेसम्म काल/बेलुकी ५:०१ देखि ६:३१ बजेसम्म शुभ। |
| शुक्रबार<br>२०६९/८/८<br>Nov.23, 2012 | बिहान ६:३२ बजेदेखि ८:०२ बजेसम्म चर/बिहान ८:०२ बजेदेखि ९:३२ बजेसम्म लाभ/बिहान ९:३२ बजेदेखि ११:०२ बजेसम्म अमृत/बिहान ११:०२ देखि १२:३२ बजेसम्म काल/दिनमा १२:३२ देखि २:०२ बजेसम्म शुभ/दिनमा २:०२ बजेदेखि ३:३२ बजेसम्म रोग/दिनमा ३:३२ देखि ५:०२ बजेसम्म उद्वेग/बेलुकी ५:०२ देखि ६:३२ बजेसम्म चर। |
| शनिबार<br>२०६९/८/९<br>Nov.24, 2012 | बिहान ६:३३ बजेदेखि ८:०३ बजेसम्म काल/बिहान ८:०३ बजेदेखि ९:३३ बजेसम्म शुभ/बिहान ९:३३ बजेदेखि ११:०३ बजेसम्म रोग/बिहान ११:०३ देखि १२:३३ बजेसम्म उद्वेग/दिनमा १२:३३ देखि २:०३ बजेसम्म चर/दिनमा २:०३ बजेदेखि ३:३३ बजेसम्म लाभ/दिनमा ३:३३ देखि ५:०३ बजेसम्म अमृत/बेलुकी ५:०३ देखि ६:३३ बजेसम्म काल। |
| आइतबार<br>२०६९/८/१०<br>Nov.25, 2012 | बिहान ६:३४ बजेदेखि ८:०४ बजेसम्म **उद्वेग**/बिहान ८:०४ बजेदेखि ९:३४ बजेसम्म **चर**/बिहान ९:३४ बजेदेखि ११:०४ बजेसम्म **लाभ**/बिहान ११:०४ देखि १२:३४ बजेसम्म **अमृत**/दिनमा १२:३४ देखि २:०४ बजेसम्म **काल**/दिनमा २:०४ बजेदेखि ३:३४ बजेसम्म **शुभ**/दिनमा ३:३४ देखि ५:०४ बजेसम्म **रोग**/बेलुकी ५:०४ देखि ६:३४ बजेसम्म **उद्वेग**। |
| सोमबार<br>२०६९/८/११<br>Nov.26, 2012 | बिहान ६:३४ बजेदेखि ८:०४ बजेसम्म **अमृत**/बिहान ८:०४ बजेदेखि ९:३४ बजेसम्म **काल**/बिहान ९:३४ बजेदेखि ११:०४ बजेसम्म **शुभ**/बिहान ११:०४ देखि १२:३४ बजेसम्म **रोग**/दिनमा १२:३४ देखि दिनमा २:०४ बजेसम्म **उद्वेग**/दिनमा २:०४ बजेदेखि ३:३४ बजेसम्म **चर**/दिनमा ३:३४ देखि ५:०४ बजेसम्म **लाभ**/बेलुकी ५:०४ देखि ६:३४ बजेसम्म **अमृत**। |
| मंगलबार<br>२०६९/८/१२<br>Nov.27, 2012 | बिहान ६:३५ बजेदेखि ८:०५ बजेसम्म **रोग**/बिहान ८:०५ बजेदेखि ९:३५ बजेसम्म **उद्वेग**/बिहान ९:३५ बजेदेखि ११:०५ बजेसम्म **चर**/बिहान ११:०५ देखि १२:३५ बजेसम्म **लाभ**/दिनमा १२:३५ देखि दिनमा २:०५ बजेसम्म **अमृत**/दिनमा २:०५ बजेदेखि ३:३५ बजेसम्म **काल**/दिनमा ३:३५ देखि ५:०५ बजेसम्म **शुभ**/बेलुकी ५:०५ देखि ६:३५ बजेसम्म **रोग**। |
| बुधबार<br>२०६९/८/१३<br>Nov.28, 2012 | बिहान ६:३६ बजेदेखि ८:०६ बजेसम्म **लाभ**/बिहान ८:०६ बजेदेखि ९:३६ बजेसम्म **अमृत**/बिहान ९:३६ बजेदेखि ११:०६ बजेसम्म **काल**/बिहान ११:०६ देखि १२:३६ बजेसम्म **शुभ**/दिनमा १२:३६ देखि २:०६ बजेसम्म **रोग**/दिनमा २:०६ बजेदेखि ३:३६ बजेसम्म **उद्वेग**/दिनमा ४:३६ देखि ५:०६ बजेसम्म **चर**/बेलुकी ५:०६ देखि ६:३६ बजेसम्म **लाभ**। |

# साप्ताहिक रात्रि शुभ समय कार्य तालिका

| | |
|---|---|
| बिहीबार<br>२०६९/८/७<br>Nov.22, 2012 | बेलुकी ६:३१ बजेदेखि ८:०१ बजेसम्म **अमृत**/साँझ ८:०१ बजेदेखि ९:३१ बजेसम्म **चर**/राति ९:३१ बजेदेखि ११:०१ बजेसम्म **रोग**/राति ११:०१ देखि १२:३१ बजेसम्म **काल**/राति १२:३१ देखि २:०१ बजेसम्म **लाभ**/राति २:०१ बजेदेखि ३:३१ बजेसम्म **उद्वेग**/राति ३:३१ देखि ५:०१ बजेसम्म **शुभ**/बिहानमा ५:०१ देखि ६:३१ बजेसम्म **अमृत**। |
| शुक्रबार<br>२०६९/८/८<br>Nov.23, 2012 | बेलुकी ६:३२ बजेदेखि ८:०२ बजेसम्म **रोग**/साँझ ८:०२ बजेदेखि ९:३२ बजेसम्म **काल**/राति ९:३२ बजेदेखि ११:०२ बजेसम्म **लाभ**/राति ११:०२ देखि १२:३२ बजेसम्म **उद्वेग**/राति १२:३२ देखि २:०२ बजेसम्म **शुभ**/राति २:०२ बजेदेखि ३:३२ बजेसम्म **अमृत**/राति ३:३२ देखि ५:०२ बजेसम्म **चर**/बिहानमा ५:०२ देखि ६:३२ बजेसम्म **रोग**। |
| शनिबार<br>२०६९/८/९<br>Nov.24, 2012 | बेलुकी ६:३३ बजेदेखि ८:०३ बजेसम्म **लाभ**/साँझ ८:०३ बजेदेखि ९:३३ बजेसम्म **उद्वेग**/राति ९:३३ बजेदेखि ११:०३ बजेसम्म **शुभ**/राति ११:०३ देखि १२:३३ बजेसम्म **अमृत**/राति १२:३३ देखि २:०३ बजेसम्म **चर**/राति २:०३ बजेदेखि ३:३३ बजेसम्म **रोग**/राति ३:३३ देखि ५:०३ बजेसम्म **काल**/बिहानमा ५:०३ देखि ६:३३ बजेसम्म **लाभ**। |
| आइतबार<br>२०६९/८/१०<br>Nov.25, 2012 | बेलुकी ६:३४ बजेदेखि ८:०४ बजेसम्म **शुभ**/साँझ ८:०४ बजेदेखि ९:३४ बजेसम्म **अमृत**/राति ९:३४ बजेदेखि ११:०४ बजेसम्म **चर**/राति ११:०४ देखि १२:३४ बजेसम्म **रोग**/राति १२:३४ देखि २:०४ बजेसम्म **काल**/राति २:०४ बजेदेखि ३:३४ बजेसम्म **लाभ**/राति ३:३४ देखि ५:०४ बजेसम्म **उद्वेग**/बिहानमा ५:०४ देखि ६:३४ बजेसम्म **शुभ**। |
| सोमबार<br>२०६९/८/११<br>Nov.26, 2012 | बेलुकी ६:३४ बजेदेखि ८:०४ बजेसम्म **चर**/साँझ ८:०४ बजेदेखि ९:३४ बजेसम्म **रोग**/राति ९:३४ बजेदेखि ११:०४ बजेसम्म **काल**/राति ११:०४ देखि १२:३४ बजेसम्म **लाभ**/राति १२:३४ देखि २:०४ बजेसम्म **उद्वेग**/राति २:०४ बजेदेखि ३:३४ बजेसम्म **शुभ**/राति ३:३४ देखि ५:०४ बजेसम्म **अमृत**/बिहानमा ५:०४ देखि ६:३४ बजेसम्म **चर**। |
| मंगलबार<br>२०६९/८/१२<br>Nov.27, 2012 | बेलुकी ६:३५ बजेदेखि ८:०५ बजेसम्म **काल**/साँझ ८:०५ बजेदेखि ९:३५ बजेसम्म **लाभ**/राति ९:३५ बजेदेखि ११:०५ बजेसम्म **उद्वेग**/राति ११:०५ देखि १२:३५ बजेसम्म **शुभ**/राति १२:३५ देखि २:०५ बजेसम्म **अमृत**/राति २:०५ बजेदेखि ३:३५ बजेसम्म **चर**/राति ३:३५ देखि ५:०५ बजेसम्म **रोग**/बिहानमा ५:०५ देखि ६:३५ बजेसम्म **काल**। |
| बुधबार<br>२०६९/८/१३<br>Nov.28, 2012 | बेलुकी ६:३६ बजेदेखि ८:०६ बजेसम्म **उद्वेग**/साँझ ८:०६ बजेदेखि ९:३६ बजेसम्म **शुभ**/राति ९:३६ बजेदेखि ११:०६ बजेसम्म **अमृत**/राति ११:०६ देखि १२:३६ बजेसम्म **चर**/राति १२:३६ देखि २:०६ बजेसम्म **रोग**/राति २:०६ बजेदेखि ३:३६ बजेसम्म **काल**/राति ३:३६ देखि ५:०६ बजेसम्म **लाभ**/बिहानमा ५:०६ देखि ६:३६ बजेसम्म **उद्वेग**। |

# तपाईंको यो हप्ता

(मंसिर ७ गते बिहीबारदेखि १३ गते बुधबारसम्म)

(From Nov.22, to 28, 2012)

*ज्यो. सीता रेग्मी*
*(ज्योतिष डिप्लोमा)*
*ज्योतिष भविष्यवाणी परामर्श केन्द्र*
*मोबाइलः ९८४६२१८८१५*

१. मेषः तपाईंलाई यो हप्ता विशेष आर्थिक लाभ मिल्नेछ। मानसिक शान्ति र आराम मिल्नेछ। पारिवारिक तथा आश्रित कर्मचारीको राम्रो सहयोग पाउनु हुनेछ। गर्न खोजेका सबै काममा राम्रो सफलता पाइनेछ। आगामी बुधबार र बिहीबार जेमा लगानी गर्नुहुन्छ राम्रो लाभ पाउन सक्नु हुनेछ। जताबाटपनि हर्ष र खुसीका खबर सुन्न पाइनेछ।

२. वृषः तपाईंका लागि यो हप्ता स्वास्थ्य भरपर्दो रहने छैन। खानामा जुनसुकै प्रकारको गडबडी आइलाग्न सक्छ। जहाँ पायो त्यहाँ नखानुहोला। खर्चको बाध्यता आइलाग्ने छ। सकेसम्म खराब काम खराब व्यक्तिलाई गर्नु पर्ने सहयोगलाई कटौती गर्नुहोला। अर्काको भर पर्‍यो भने धोका खानु पर्नेछ, समग्रमा समय खराब रहेकाले सतर्क भएर काम गर्नुहोला।

३. मिथुनः तपाईंलाई यो हप्ता स्वास्थ्यले राम्रो साथ दिनेछ। प्रशन्नता बढ्ने काम हुनेछन्। उठ्नुपर्ने रकम सजिलै उठ्नेछ। सबै प्रकारका काममा राम्रो सफलता मिल्ने देखिन्छ। इज्जत, प्रतिष्ठा बढ्ने ठाउँमा उपस्थित र सहभागी हुन पाइनेछ। घरमा पारिवारिक सहयोग सबैबाट पाइनेछ। समयको सही उपयोग अवश्य गर्नुहोला।

४. कर्कः तपाईंलाई यो हप्ता जुनसुकै काममा अवरोधहरू रहेका छन्। मनमा अशान्ति, यात्रामा बिघ्नबाधा, वायू रोग, खानामा गड्बडी कुनै शोक पर्ने समाचार सुन्नुपर्नेछ। हप्ताको अन्तिम दिन शनिबारदेखि बुधबारसम्म समय खराब रहेका छन्। ती दिनहरूमा जुनसुकै काम गर्दापनि विशेष सतर्क रहनु होला। यो हप्ताको अन्तिमका समयमा सुधार आउनेछ।

५. सिंहः तपाईंका लागि यो हप्ता विगतमा बिरामी हुनु भएको भए यो हप्तादेखि स्वास्थ्यमा राम्रो सुधार हुनेछ। मानसिक प्रशन्नता मिल्ने खबर सुन्न पाइनेछ। आम्दानीका नयाँ स्रोत हात लाग्नेछन्। यो हप्ता विगतका रोकिएका काम सबै सफल हुनेछन् तर समयको सही उपयोग अवश्य गर्नु होला। मंगलबार र बुधबार दुई दिन खराब रहनेछन्।

६. कन्याः तपाईंले यो हप्ता परिश्रम अनुसारको लाभ राम्रो पाउनु हुनेछ। विगतमा स्वास्थ्य खराब थियो भने अब सुधार हुँदै जानेछ। लगानी गरिएका काममा राम्रो फाइदा मिल्नेछ। यश, कृति, बढ्ने काममा लगानी बढाउँदा राम्रो हुनेछ। कुनै विवादित मुद्धा छ भने तपाईंको पक्षमा केही न केही राम्रो हुनेछ। समग्रमा समय शुभ छ, समयको महत्व बुझी काम गर्नुहोला।

७. तुलाः तपाईंले यो हप्ता बिहीबार र शुक्रबार मानसिक चिन्ता पर्ने समाचार सुन्नुपर्नेछ। कसैबाट अपमानित पनि हुनुपर्ला जस्तो छ जो कसै कहाँ नजानु नै उचित हुनेछ। सरकारी कर्मचारीबाट काम असफल बनाउने प्रयास हुने छ। जसमाथि विश्वास, भरोसा गर्दै आइरहनु भएकोछ उनै व्यक्तिबाट विश्वास घातको सम्भावना छ, विशेष ख्याल गर्नुहोला। आउँदो शनिबार पश्चात्को समय भने राम्रो रहनेछ।

८. वृश्चिकः तपाईंका लागि यो हप्ता चिसोका कारण स्वास्थ्यमा एक्कासी खरावी आउने सम्भावना रहेको छ, विशेष ख्याल गर्नुहोला। अनावश्यक काममा धन लगानी गर्नु पर्नेछ, सकेसम्म जोगिनुहोला। आउँदो आइतबार, सोमबार र बिहीबारका दिन तपाईंका लागि विशेष फाइदामा रहेका छन्। बुधबार त्यति शुभ रहने छैन। समग्रमा यो हप्ता मध्यम राम्रो रहेको छ।

९. धनुः तपाईंका लागि यो हप्ताको मंगलबार र बुधबार सबैभन्दा शुभ रहेका छन्। जे काम धेरै महत्वपूर्ण रहेका छन् जस्तै जग्गा जमीन खरिद गर्ने, सुन बेच्ने, गाडी किन्ने, जस्ता महत्वपूर्ण काम बुधबार पारेर मात्रै गर्नुहोला। यो बिहीबारदेखि आउँदो मंगलबारसम्मको समय कामचलाउ रहेको छ।

१०. मकरः तपाईंको यो हप्ता जन्मराशिदेखि दशौं भावमा रहेको चन्द्रमाले अनावश्यक मानसिक चिन्ता थप्नेछ। नबोलाएको ठाउँमा नजानु होला। बद्नाम अपमानको संभावना त्यत्तिकै रहेको छ। जुनसुकै काममा अनावश्यक खर्च भै जाने अवस्था छ। सकेसम्म जसको जे काम गर्नु छ उही व्यक्तिसंग पैसा लिएर काम गर्ने गर्नुहोला। यो हप्तामा टाढाको यात्रा, महत्वपूर्ण निर्णय नगर्नु नै सबैभन्दा राम्रो हुनेछ।

११. कुम्भः तपाईंको यो हप्ता स्वास्थ्यको हिसाबले ठीकठाक रहनेछ। गर्न खोजेका काममा आत्मविश्वासका साथ सक्रिय रुपमा लागि परेमा पूरा गर्न सक्नु हुनेछ। सोचेका सबै धार्मिक काममा राम्रो सफलता मिल्नेछ। जवकि शनि, आइत, सोमबार जे काम गर्दापनि होशियार रहनुहोला। आउँदो मंगलबार र बुधबार यसअघि रोकिएका सम्पूर्ण काम बन्नेछन्, समयको सही उपयोग अवश्य पनि गर्नुहोला।

१२. मीनः तपाईंका लागि यो हप्ता आफन्त व्यक्तिसंग झगडा, मन चञ्चल कार्यक्रममा विघ्नबाधा, पेट अथवा कम्मर दुख्ने वायू रोग, शूल, मन परेको खानामा अवरोध कुनै चिन्ता पर्ने समाचार सुन्नु पर्ला। जस्तो परेता पनि धैर्यका साथ काम लिनुहोला। हप्ताको अन्त्यतिरका समयमा केही सुधार आउनेछ, समयको सही सदुपयोग गर्नुभएमा लाभ मिल्नेछ।

## साप्ताहिक साहित

मंसिर ७, २०६९ बिहीबार – पश्चिम दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
मंसिर ८, २०६९ शुक्रबार – उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
मंसिर ९, २०६९ शनिबार – उत्तर र पश्चिम दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
मंसिर १०, २०६९ आइतबार – उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
मंसिर ११, २०६९ सोमबार – उत्तर दिशाको यात्रामात्रै शुभ रहेको छ।
मंसिर १२, २०६९ मंगलबार – पूर्व दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
मंसिर १३, २०६९ बुधबार – दक्षिण र पूर्व दिशाको मात्र यात्रा शुभ रहेको छ।

## दैनिक राहुकाल समय

आइतबार बेलुकी ४।३० देखि ६ बजेसम्म राहुकाल रहनेछ।
सोमबार बिहान ७।३० देखि ९ बजेसम्म राहुकाल रहनेछ।
मंगलबार दिनमा ३ देखि ४।३० बजेसम्म राहुकाल रहनेछ।
बुधबार दिनमा १२ देखि १।३० बजेसम्म राहुकाल रहनेछ।
बिहीबार दिनमा १।३० देखि ३ बजेसम्म राहुकाल रहनेछ।
शुक्रबार बिहान १०।३० देखि १२ बजेसम्म राहुकाल रहनेछ।
शनिबार बिहान ९ देखि १०।३० सम्म राहुकाल रहनेछ।
*(माथि तोकिएको समयमा गरिएको कुनै पनि कार्य सफल हुनेछैन।)*

संस्थापक/प्रधान सम्पादक/प्रकाशक–ज्योतिष शिरोमणि अधिवक्ता डा.बलराम उपाध्याय रेग्मी, फोन/फ्याक्स नं.+977-61-540347, Mobile 00977-9856020914, ९८५६०३०९१४
व्यवस्थापक–ज्यो.सुश्री सीता रेग्मी, कानूनी सल्लाहकार–अधिवक्ता श्री प्रेमबहादुर खड्का/अध्यक्ष नेपाल बार एशोसियशन,काठमाडौं/प्रबन्ध निर्देशक–रामनाथ अधिकारी 'संगी',
आजीवन संरक्षक–ज्यो.प्रेमकुमारी गुरुङ, कम्प्यूटर सेटिङः ज्यो.भ.डेक्स, कार्यालय : पो.ब.नं.२०७,पोखरा–२,कास्की, नेपाल। **E-mail:jbweekly@fewanet.com.np/haripanta@gmail.com,**
**website: www.jbweekly.com,** मुद्रक–तनहुँ अफसेट प्रेस, नयाँबजार, पोखरा, फोन : ०६१–५२२४२८, ९८४६०९४०२०, web hosting : pokharacity.com